वर्ष २० | अंक ९० | काठमाडौं | मंगलवार, ९ पुस २०८१ | Tuesday, 24 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०
ISSN No. 2822-1702
ग्राहक प्रति
www.abhiyandaily.com
@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक








ग्लोबल आइएमई बैंकको 'ग्लोबल हाट बजार' २
एनपीएलका चौकाबापत एनसेलले २६०० शैक्षिक सामग्री वितरण गर्ने ३
नेपालमा बहुमूल्य धातु र रत्नको व्यवसाय ४
विद्युतीय गाडीमा चिनियाँ दबदबा ८



*तस्वीर : सुनिल शर्मा/ आर्थिक अभियान*

इसाई धर्मावलम्बीहरूको प्रमुख चाड क्रिसमसका अवसरमा सजाइएको काठमाडौंको ठमेल बजार ।

# अधिकांश वाणिज्य बैंकको लाभांशदर घट्दो

| बैंक | आर्थिक वर्ष २०८०/८१ को लाभांश % | | कुल लाभांश % | आर्थिक वर्ष २०७९/८० को लाभांश % | | कुल लाभांश % |
|---|---|---|---|---|---|---|
| | बोनस शेयर | नगद | | बोनस शेयर | नगद | |
| स्ट्याण्डर्ड चार्टर्ड | ६.५ | १९ | २५.५ | – | १९ | १९ |
| एभरेष्ट | १० | ५.५३ | १५.५३ | १० | १०.५३ | २०.५३ |
| नेपाल एसबिआई | ३.८ | ६.८५ | १०.६५ | ३.७५ | ६.८ | १०.५५ |
| कृषि विकास | ३ | ७.५३ | १०.५३ | – | – | – |
| नबिल | – | १० | १० | – | ११ | ११ |
| ग्लोबल आइएमई | ५.५ | | ५.५ | १ | ८ | ९ |
| लक्ष्मी सन्राइज | ५ | ०.२६ | ५.२६ | ७ | ०.३७ | ७.३७ |
| सानिमा | – | ५.२६ | ५.२६ | ९ | ५.७ | १४.७ |
| प्राइम कमर्सियल | – | ५ | ५ | – | – | – |
| सिटिजन्स बैंक इन्टरनेशनल | ४ | ०.२१ | ४.२१ | – | ५.७९ | ५.७९ |
| सिद्धार्थ बैंक | – | ४ | ४ | – | ४.२१ | ४.२१ |
| माछापुच्छ्रे बैंक | लाभांश नदिने निर्णय | – | – | १३.३ | ०.७ | १४ |
| राष्ट्रिय वाणिज्य | लाभांश नदिने निर्णय | – | – | | ५.५० | ५.५० |
| हिमालयन | लाभांश नदिने निर्णय | – | – | – | – | – |
| एनएमबि | लाभांश नदिने निर्णय | – | – | – | – | – |
| प्रभु | लाभांश नदिने निर्णय | – | – | – | – | – |

*स्रोत : सम्बद्ध बैंकको सूचना*

**लक्ष्मी शर्मा**
काठमाडौं

यस आर्थिक वर्ष (आव) मा लाभांश घोषणा गरेका अधिकांश वाणिज्य बैंकको लाभांशदर घटेको देखिएको छ । केही बैंकले लाभांश नै नदिने निर्णय लिएका छन् ।

न्यून कर्जा विस्तार, आयमा आएको संकुचन र बढ्दो खराब कर्जाका कारण धेरै रकम प्रोभिजनिङमा राख्नु परेकाले बैंकहरूको नाफा गत आवमा प्रभावित भएको थियो । यस कारण अधिकांश बैंकको लाभांशमा असर परेको सम्बद्ध बैंक तथा विज्ञहरू बताउँछन् ।

हालसम्म आव २०८०/८१ सम्मको मुनाफाबाट ११ बैंकले लाभांश वितरण गर्ने निर्णय गरेका छन् । ५ बैंकले लाभांश वितरण नगर्ने निर्णय लिएका छन् । लाभांश दिने घोषणा गरेका बैंकमध्ये सातओटाको लाभांश दर अघिल्लो वर्षको तुलनामा घटेको छ ।

हिमालयन, माछापुच्छ्रे, एनएमबि, राष्ट्रिय वाणिज्य र प्रभु बैंकले गत आवको मुनाफाबाट लाभांश वितरण नगर्ने बताएका छन् । यीमध्ये माछापुच्छ्रेले गतवर्ष १३ दशमलव ३ प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि शून्य दशमलव ७ प्रतिशत नगद गरी कुल १४ प्रतिशत लाभांश दिएको थियो । राष्ट्रिय वाणिज्य बैंकले पनि गतवर्ष ५ दशमलव ५ प्रतिशत नगद लाभांश दिएको थियो । हिमालयन, एनएमबि र प्रभु बैंकले गतवर्ष पनि लाभांश दिएका थिएनन् । हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक राणाले खराब अवस्थामा रहेको सिभिल बैंकलाई गाभ्दा समग्र बैंकको वित्तीय स्वास्थ्यमा असर परेकाले २ वर्ष लाभांश वितरण गर्न नसकेको बताए ।

» बाँकी पृष्ठ ५ मा

## सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग

# बोलपत्र आह्वान गर्दा स्वदेशी वस्तु नै किन्नुपर्ने प्रावधान राखिँदै

**प्रशान्त खड्का**
काठमाडौं

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य गर्न सरकारी निकायले बोलपत्र आह्वान गर्दा स्वदेशी वस्तु नै किन्नुपर्ने प्रावधान राख्नुपर्ने भएको छ ।

गत मङ्सिर २८ गते बसेको मन्त्रिपरिषद् बैठकले 'सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग गर्नेसम्बन्धी निर्देशिका २०८१' पारित गरेको थियो । उक्त निर्देशिकामा सरकारी निकायले विभिन्न वस्तु किन्दा स्वदेशी नै किन्नुपर्ने प्रावधान छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सिफारिशमा सरकारले उक्त निर्देशिका पारित गरेको हो ।

सार्वजनिक खरीद नियमावली २०६४ मा १५ प्रतिशतसम्म महँगो भए पनि स्वदेशी वस्तु खरीद गर्न सकिने व्यवस्था छ । उक्त नियमावलीमा स्वदेशी वस्तु खरीद गर्न अनिवार्य नगरिए पनि नयाँ निर्देशिकामा नेपाली वस्तु खरीद गर्नुपर्ने प्रावधान राखिएको छ ।

निर्देशिका पारित भएसँगै सरकारले चाँडै नै सार्वजनिक निकायहरूमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य गर्ने तयारी गरिरहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता बाबुराम अधिकारीले बताए । उनका अनुसार सरकारी निकायले सामान खरीदका लागि बोलपत्र आह्वान गर्दा नै स्वदेशी वस्तु किन्नुपर्ने प्रावधान राख्नेछन् । सरकारले निर्देशिका पारित गरे पनि राजपत्रमा सूचना निकालेपछि मात्रै कार्यान्वयन हुने उनले जानकारी दिए । सूचना कहिले निकाल्ने भन्ने विषय टुंगो लागेको छैन ।

सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भएसम्म स्वदेशी उद्योगबाट उत्पादित पोशाक प्रयोग गर्नुपर्ने, सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी वा सेमिनारमा आवश्यक पर्ने वस्तुको प्रयोग गर्दा उपलब्ध भएसम्म स्वदेशी प्रयोग गर्नुपर्ने निर्देशिकामा उल्लेख छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बनाएको 'सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्नेसम्बन्धी निर्देशिका २०७१' मन्त्रिपरिषद्को बैठकले २०७२ वैशाखमा स्वीकृत गरेको थियो ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले सरकारी निकायले स्वदेशी वस्तुको प्रयोग अनिवार्य गर्ने भएपछि स्वदेशी उत्पादनको प्रवर्द्धन हुने बताए ।

**सरकारी निकायले किन्नैपर्ने स्वदेशी वस्तुको सूची**
पृष्ठ ५ मा

'कुनै पनि मुलुकको सबैभन्दा ठूलो क्रेता भनेको सरकार नै हो । त्यस कारण उसले आफू मातहतका सबै कार्यालयमा स्वदेशी उत्पादन प्रयोग गर्दा स्वदेशी वस्तुको माग र खपत वृद्धि हुन्छ, जसले गर्दा आन्तरिक उद्योगहरुले आफ्नो उत्पादन बढाउँछन् र रोजगारी वृद्धिमा सहयोग पुग्छ । साथै राज्यको कर संकलन पनि बढ्छ । सरकारको यो निर्णय नेपाली उद्योगीका लागि ठूलो अवसर हो,' उनले आर्थिक अभियानसँग भने । परिसंघले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग २०७८ असार १० गते साझेदारीपत्रमा हस्ताक्षर गरी 'मेक इन नेपाल स्वदेशी' अभियानसमेत सञ्चालन गरिरहेको छ ।

निर्देशिकामा उल्लेख भएअनुसार स्वदेशी वस्तुको सूचीमा स्टेशनरी, कार्यालय सामान, छपाइसम्बन्धी वस्तुका सामग्री, तयारी पोशाकसँग सम्बद्ध वस्तु र कोसेली तथा उपहार सामग्री, फर्निचर, फर्निसिङ, सरसफाइ, फ्लोरिकल्चर तथा साजसज्जाका वस्तु वा सामग्री रहेका छन् । निर्माण सामग्री, कृषि तथा पशुजन्य उत्पादन र खाद्य तथा पेय पदार्थ पनि यसमा समेटिएको छ ।

स्थानीय स्तरमा उपलब्ध स्रोतसाधनको अधिकतम उपभोग गरी स्वदेशी वस्तुको उत्पादन, रोजगारी सृजना, आयात व्यवस्था तथा उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्न र सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित सो निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउन लागिएको मन्त्रालयले बताएको छ ।






नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# नयाँ प्लान्ट लगाउन २ अर्ब लगानी थप्दै लिटमस

**अभियान संवाददाता**
काठमाडौं

लिटमस इन्डस्ट्रिज लिमिटेडले नयाँ प्लान्ट लगाउन २ अर्ब रुपैयाँ लगानी गर्ने तयारी गरेको छ । विद्युतीय केबल र कन्डक्टरहरू उत्पादन गर्दै आएको उक्त कम्पनीले नयाँ प्रकारको विद्युतीय तार उत्पादनका लागि प्लान्ट लगाई क्षमता विस्तारको तयारी गरेको बताएको छ ।

सन् १९७८ मा लुम्बिनी विद्युत् उद्योग प्रालिको नामबाट विद्युतीय सामग्री केवल र वायर उत्पादन गर्दै आएको उक्त कम्पनीले सन् २०२२ देखि लिटमस इन्डस्ट्रिजको नामबाट कारोबार शुरू गर्दै थप लगानी गर्दै आएको छ । उक्त उद्योगमा लगानी बढाउँदै क्षमता विस्तारको प्रक्रिया अघि बढाएको लिटमस इन्डस्ट्रिज लिमिटेडका प्रबन्ध निर्देशक रोहित गुप्ताले जानकारी दिए ।

'विद्युतीय तार बनाउने उक्त उद्योगमा नयाँ प्रकारको विद्युतीय तार उत्पादनको




क्षमता बढाउन २ अर्ब रुपैयाँ लगानीसहित नयाँ प्लान्ट लगाउन लागेका छौं,' गुप्ताले आर्थिक अभियानसँग भने, 'अहिले धेरै प्रकारका विद्युतीय तारका सामग्री आयात भइरहेको छ । त्यसलाई प्रतिस्थापन गर्ने तथा नेपालमै बनाउने गरी क्षमता विस्तारमा लगानी गर्न लागिएको हो ।'

लिटमस इन्डस्ट्रिजबाट उत्पादित सामग्रीको ठूलो खपतकर्ता नेपाल विद्युत् प्राधिकरण रहेको उनको भनाइ छ । 'विद्युत् प्रसारण तथा वितरण लाइनका लागि नेपाल विद्युत् प्राधिकरणले यसको उपयोग गर्दै आएको छ,' गुप्ताले भने, 'केबलिङ, वायरिङहरू घरायसी प्रयोजनका लागि अन्य खुद्रा तथा होलसेल प्रक्रियाबाट पनि बिक्री गरिन्छ ।'

थप लगानीका लागि उद्योगले बैंकबाट कर्जा लिन खोजेको छ । २ अर्ब रुपैयाँको थप लगानी गर्ने योजना भए पनि उद्योगले कुल ४ अर्ब ९७ करोड ८० लाख रुपैयाँ लिने भनेर इन्फोमेरिक्स क्रेडिट रेटिङबाट उद्योगको अवस्था रेटिङ गराएको छ, जसमा पर्याप्त सूचना नदिएको भनेर असहयोगी वर्गमा राखेर कर्जा प्रवाहको जोखिमबारे केही भन्न नसकिने भनी इन्फोमेरिक्सले उल्लेख गरेको छ । कम्पनीले ४ अर्ब ४९ करोड रुपैयाँ छोटो अवधिको र १ अर्ब ४९ करोड रुपैयाँ लामो अवधिका लागि कर्जा लिने भनेर इन्फोमेरिक्सलाई रेटिङ गर्ने जिम्मा दिएका रेटिङ कम्पनीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ।

» बाँकी पृष्ठ ५ मा

## नेपाल माइक्रो इन्स्योरेन्स र कामना सेवा विकास बैंकबीच सहकार्य



काठमाडौं (अस) । नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड र कामना सेवा विकास बैंकबीच व्यवसाय विस्तारमा सहकार्य गर्ने गरी सम्झौता भएको छ। सहकार्य सम्बन्धी सम्झौतामा दुई पक्षबीच आइतवार हस्ताक्षर भएको हो। उक्त समझदारी पत्रमा इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत मृगेन्द्र रिमाल र बैंकका नायब महाप्रबन्धक हरिप्रसाद लम्सालले हस्ताक्षर गरेका छन्। सो अवसरमा इन्स्योरेन्सका नायब प्रमुख कार्यकारी अधिकृत अनिलराज गिरीको समेत उपस्थिति थियो ।


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन चरिकोट, दोलखा**

**अरनिको राजमार्ग अन्तर्गत बाह्रबिसे-कोदारी (२६.२१७ कि.मि) सडक खण्ड स्तरोन्नति आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सावर्जनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०९)**

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, बाह्रबिसे नगरपालिका र भोटेकोशी गाउँपालिकामा सडक विभाग, सडक डिभिजन चरिकोटद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावको नाम र ठेगाना | प्रस्तावकको नाम र ठेगाना |
|---|---|
| बाह्रबिसे-कोदारी (२६.२१७ कि.मि) सडक खण्ड स्तरोन्नति आयोजना बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, बाह्रबिसे नगरपालिका र भोटेकोशी गाउँपालिका | **सडक डिभिजन चरिकोट**<br>ठेगाना : चरिकोट, दोलखा<br>फोन नं: +९७७-४९-४२११२०<br>ईमेलः drocharikot@gmail.com |

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सुचना मार्फत आयोजनाबाट प्रभावित नगरपालिका/गाउँपालिका अर्न्तगत सरकारी तथा गैर सरकारी संघ-संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एंव सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमूल्य राय सुझाव तथा प्रतिकृया दिनका लागि हार्दिक अनुरोध गरिन्छ ।

| स्थान | मिति | स्थान |
|---|---|---|
| भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | २०८१/०९/१२ | बिहान १०:०० बजे |
| बाह्रबिसे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | २०८१/०९/१२ | दिउँसो ३:०० बजे |


## ग्लोबल आइएमई बैंकको 'ग्लोबल हाट बजार'

काठमाडौं (अस)। ग्लोबल आइएमई बैंक लिमिटेडले आफूले ऋण लगानी गरेका लघु, साना तथा मझौला उद्यमीले उत्पादन गरेका वस्तुलाई बजारीकरणमा सहजीकरण गर्ने उद्देश्यले 'ग्लोबल हाट बजार' सञ्चालनमा ल्याएको छ ।



'उद्यमीको उत्पादन, ग्लोबल आइएमईको प्रोत्साहन' नारालाई आत्मसात् गर्दै बैंकले आफ्नो लगानीमा सञ्चालित लघु, साना तथा मझौला उद्यमीले गरेका उत्पादनलाई बजारसम्मको पहुँच विस्तार गराउन बैंकको काठमाडौंको कमलादी शाखा कार्यालयमा हरेक शुक्रवार हाट बजार सञ्चालन गर्ने बताइएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले उक्त हाट बजारको उद्घाटन गरेका हुन् । प्रमुख कार्यकारी अधिकृत रेग्मीले दिगो तथा हरित अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याइरहेका लघु, साना तथा मझौला उद्यमको बजारमा पहुँच विस्तार गर्नु हाट बजारको प्रमुख उद्देश्य रहेको बताए । हाट बजारमा विषादीरहित कृषि उपज, रैथाने बाली तथा सो अनुरूपका बालीका उत्पादन, स्थानीय स्रोतको उपयोग गरी उत्पादन गरिएका हस्तकला सामग्री, सजावटमा प्रयोग हुने बिरुवा लगायत सामग्री प्रदर्शन तथा विक्रीका लागि राखिने बताइएको छ ।

### गोल्छा समूह–इन्स्योर परियोजना सम्झौता

## औद्योगिक नेतृत्वमा आधारित 'अप्रेन्टिशिप प्रोग्राम' कार्यान्वयन गरिँदै

काठमाडौं (अस) । औद्योगिक समूह गोल्छा समूहले युवालाई बजार-सान्दर्भिक प्राविधिक शीप प्रदान गरी शिक्षा र रोजगारीबीचको अन्तर घटाउन औद्योगिक नेतृत्वमा आधारित 'अप्रेन्टिशिप प्रोग्राम' कार्यान्वयन गर्ने भएको छ । यसका लागि 'इन्ह्यान्स स्किल्स फर सस्टेनेबल एण्ड रिवाडिङ इम्प्लोयमेन्ट (इन्स्योर)' परियोजनासँग सम्झौता गरिएको छ । सहकार्यलाई औपचारिकता दिन गोल्छा समूहका अध्यक्ष तथा प्रबन्ध निर्देशक शेखर गोल्छा र इन्स्योर परियोजनाका टोली प्रमुख रविन्द्रबहादुर सिंहबीच समझदारीपत्रमा हस्ताक्षर गरिएको छ। कार्यक्रमले अटोमोबाइल इन्जिनियरिङ, मेकानिकल इन्जिनियरिङ र सूचना प्रविधि जस्ता क्षेत्रमा तालीम उपलब्ध गराइने बताइएको छ । त्यस्तै कर्मचारीका लागि शीप उन्नयन तालीममार्फत दीर्घकालीन सिकाइको प्रवर्द्धन गरिने समझदारीपत्रमा उल्लेख छ ।

इन्स्योर परियोजना नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारको द्विपक्षीय पहलअन्तर्गत द्वैध 'भेट अप्रेन्टिशिप' मोडेल कार्यान्वयनमा केन्द्रित रहेको बताइएको छ । यस मोडेलले प्राविधिक विद्यालयमा प्राप्त सैद्धान्तिक ज्ञानलाई उद्योगमा व्यावहारिक तालीमसँग जोडेर प्रशिक्षित गरिने बताइएको छ । तालीमपछि सहभागीले सीटीइभीटीद्वारा मान्यताप्राप्त प्रि-डिप्लोमा प्रमाणपत्र पाउनेछन् ।

गोल्छा समूहका अध्यक्ष शेखर गोल्छाले भने, 'यस सहकार्यले नेपालका युवालाई आजको प्रतिस्पर्धी श्रम बजारमा सफलताका लागि आवश्यक शीप प्रदान गर्ने हाम्रो प्रतिबद्धता स्पष्ट पारेको छ ।' यस्तै इन्स्योर परियोजनाका टोली प्रमुख सिंहले गोल्छा समूहसँगको सहकार्य



नेपाललाई शीपयुक्त जनशक्ति निर्माण गर्ने अभियानमा महत्त्वपूर्ण कोशेढुंगा भएको बताए । 'व्यावसायिक तालीममा उद्योगका आवश्यकता समावेश गर्दा युवालाई रोजगारमूलक बनाउँदै शीप अन्तर घटाउन र देशको आर्थिक प्रगतिमा योगदान गर्न मद्दत पुग्नेछ,' उनले भने ।

गोल्छा समूहले विभिन्न क्षेत्रका १०० भन्दा बढी कम्पनी सञ्चालन गर्दै आएको छ । यो कार्यक्रममा सहभागी भएर समूहले नेपालको औद्योगिक विकास र आर्थिक वृद्धिमा योगदान गर्ने जनशक्ति उत्पादनको लक्ष्य राखेको छ ।

## नेपाल बैंकका ग्राहकलाई काठमाडौं डेन्टल हस्पिटलमा छूट

काठमाडौं (अस) । नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारी र बैंकमा खाता रहेका ग्राहकले काठमाडौंको माछापोखरीमा रहेको काठमाडौं डेन्टल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रालिमा उपचार गर्दा छूट पाउने भएका छन् ।

सो सम्झौताबमोजिम अस्पतालको विविध सेवामा लाग्ने शुल्कमा बैंकमा कार्यरत कर्मचारीलाई बिल रकमको ३० प्रतिशत र बैंकमा खाता रहेका



ग्राहकले २५ प्रतिशत छूट पाउने भएका हुन् । सम्झौतापत्रमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र अस्पतालका अध्यक्ष दयासागर साहले हस्ताक्षर गरेका छन् । यस सम्झौताबाट बैंकमा कार्यरत कर्मचारी र बैंकमा खाता रहेका ग्राहक हस्पिटलले प्रदान गर्ने दन्त तथा मुखसँग सम्बन्धित उच्च स्तरीय उपचार सेवाबाट लाभान्वित हुने बैंकको विश्वास छ ।


**तपसिलमा उल्लेखित क्रेडिट कार्ड होल्डरहरुको नाममा जारी ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सुचना**

**(प्रकाशित मिति : २०८१/०९/०९)**

तपसिलमा उल्लेखित क्रेडिट कार्ड होल्डरहरुले यस बैंकबाट प्राप्त गरेको क्रेडिट कार्ड उपयोग गरेवापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदी रकम तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तारताकेता गर्दा समेत नतिरी बैंकमा सम्पर्क समेत नगर्नु भएको हुँदा निज कार्ड होल्डरहरुको नाममा बक्यौता र कम यथाशिघ्र चुक्ता भुक्तान गर्नुहुन यो सुचना जारी गरिएकोछ ।
अतः यो सुचना प्रकाशित भएको मितिले **३५ (पैतिस)** दिनभित्र यस बैंकको कर्जा असुली विभागमा सम्पर्क राखि प्राप्त सुविधा वापत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज आदी अभिलम्ब चुक्ता भुक्तान गर्नुहोला । अन्यथा, तपाईहरुको नाम बैंक नियम अनुसार **कालो सुची**मा सुचिकृत गरि तथा अन्य आवश्यक कानुनी कारवाही गरि बैंकको लेना रकम असुल उपर गरिनेछ ।

| | | |
|---|---|---|
| १. नामः अभयपाल डंगोल<br>बाबुः हरि वल्लभ डंगोल<br>आमाः झिके डंगोल<br>बाजेः मिश्रीमान डंगोल<br>नागरिकता नं.: ४४७५/२६७१- काठमाडौं<br>स्थायी ठेगानाः धर्मस्थली-३, काठमाडौं<br>कार्यालयको नामः जि एच एन प्रा.लि. - गहनापोखरी-५, काठमाडौं | २. नामः अनुप कार्की<br>बाबुः इन्द्र बहादुर कार्की<br>आमाः अन्नपूर्ण कुमारी अधिकारी<br>बाजेः भिम बहादुर कार्की<br>पत्नीः सम्झना विष्ट<br>नागरिकता नं.: २५८४७- दोलखा<br>स्थायी ठेगानाः भीमेश्वर-१३, दोलखा<br>कार्यालयको नामः सोनुप ट्रेडर्स प्रा.लि. - न्यूरोड-२२, काठमाडौं | ३. नामः आरजु कुमारी सरावगी<br>बाबुः आनन्द कुमार सरावगी<br>आमाः रेखा देवी सरावगी<br>बाजेः पर्सुराम सरावगी<br>पतीः अरविन्द कुमार अग्रवाल<br>नागरिकता नं.: ३४१०२२/९४१६-पर्सा<br>स्थायी ठेगानाः वीरगंज -७, पर्सा<br>कार्यालयको नामः पप्स फुड प्रोडक्टस् - आदर्शनगर, विरगंज |
| ४. नामः बन्दना रिसाल<br>बाबुः जय बहादुर रिसाल<br>आमाः मैया रिसाल<br>बाजेः देवी बहादुर रिसाल<br>पतीः सुनिल सापकोटा<br>नागरिकता नं.: २७१०४०/४६८४८-काठमाडौं<br>स्थायी ठेगानाः स्यूचाटार-१,काठमाडौं<br>कार्यालयको नामः गोचली टुर्स एण्ड ट्राभल्स प्रा.लि.- अमृतमार्ग, ठमेल, काठमाडौं | ५. नामः विकाश पाण्डेय<br>बाबुः राम आदर पाण्डेय<br>आमाः मालती देवि पाण्डेय<br>बाजेः चन्द्र देव पाण्डेय<br>पत्नीः रश्मी लामीछाने पाण्डेय<br>नागरिकता नं.: ४४४३२- मकवानपुर<br>स्थायी ठेगानाः महोत्तरी-३, महोत्तरी<br>कार्यालयको नामः सांग्रीला मेडिको - हेटौंडा-०२, मकवानपुर | ६. नामः विक्रम राजवंशी<br>बाबुः जनकलाल राजवंशी<br>आमाः रिना राजवंशी<br>बाजेः सौनिया लाल राजवंशी<br>पत्नीः विनिता राजवंशी<br>नागरिकता नं.: ०४-०१-७६-०५८१९- झापा<br>स्थायी ठेगानाः भद्रपुर-४, झापा<br>कार्यालयको नामः इम्प्लोयर लेड लेवर मार्केट सेक्रेटेरीयट- टेकु, काठमाडौं |
| ७. नामः विनीता पौडेल<br>बाबुः मान बहादुर पौडेल<br>आमाः डोल्मा पौडेल<br>बाजेः छत्र बहादुर पौडेल<br>नागरिकता नं.: २४१००७/१६१- सिन्धुपाल्चोक<br>स्थायी ठेगानाः राम्चे-९, सिन्धुपाल्चोक<br>कार्यालयको नामः ब्लोसम फेसन वर्ल्ड- न्युरोड, काठमाडौं | ८. नामः पवन कुमार श्रेष्ठ<br>बाबुः तेज प्रसाद श्रेष्ठ<br>आमाः ग्यानु देवि श्रेष्ठ<br>बाजेः दिर्घ नारायण श्रेष्ठ<br>पत्नीः दिक्षा श्रेष्ठ<br>नागरिकता नं.: १५०- कास्की<br>स्थायी ठेगानाः बुटवल-६,रुपन्देही<br>कार्यालयको नामः श्री तिनाउ इन्टरनेशनल हस्पिटल प्रा.लि.- बुटवल-८, रुपन्देही | ९.:नामः फिरोज अंसारी<br>बाबुः हलीम मिया<br>आमाः राबायदा खातुन<br>बाजेः असमानन्द मिया<br>पत्नीः अप्सरा खातुन<br>नागरिकता नं.: ३४-०१-७१-०२०३४- पर्सा<br>स्थायी ठेगानाः वीरगंज-१७, पर्सा<br>कार्यालयको नामः न्यू आफ्रिन होजियारी- श्रिपुर-१४, वीरगंज, पर्सा |
| १०. नामः गिता कुमारी रिजाल<br>बाबुः सिताराम रिजाल<br>आमाः नेत्र कुमारी रिजाल<br>बाजेः कृष्ण प्रसाद रिजाल<br>पतीः सरोज थापा<br>नागरिकता नं.: ४१/१६७- मकवानपुर<br>स्थायी ठेगानाः कालीकाटार-०१, मकवानपुर<br>कार्यालयको नामः निमास एजुकेशन - काडाघारी-०९, काठमाडौं | ११. नामः गुलशन वर्मा<br>बाबुः दिनेश प्रसाद वर्मा<br>आमाः सुनीता वर्मा<br>बाजेः प्रभुचन्द्र प्रसाद वर्मा<br>पत्नीः नितु कुमारी श्रीवास्तव<br>नागरिकता नं.: ६३५२-रौतहट<br>स्थायी ठेगानाः भलोहिया-०९, रौतहट<br>कार्यालयको नामः - आदर्श ट्रेडिङ कन्सर्न प्रा.ली ,आदर्शनगर-१३, विरगन्ज, पर्सा | १२. नामः कैलाश मणि खराल<br>बाबुः चन्द्रमणि खराल<br>आमाः पुष्पा देवी खराल<br>बाजेः घनश्याम खराल<br>पत्नीः निर्मला ज्ञवाली<br>नागरिकता नं.: ३२३६८- नवलपरासी<br>स्थायी ठेगानाः नयाँवेलहानी- ०२, नवलपरासी<br>कार्यालयको नामः एम.एन.टी. कृषि फार्म हाउस प्रा.ली -झोरमहांकाल-०१, टोखा, काठमाडौं |
| १३. नामः मदन रावल<br>बाबुः धन बहादुर रावल<br>आमाः दिल कुमारी रावल<br>बाजेः दिप बहादुर रावल<br>पत्नीः रंजीता रावल<br>नागरिकता नं.: ३२४८७- धादिङ्<br>स्थायी ठेगानाः बेनीघाट रोराङ्ग-२, धादिङ्<br>कार्यालयको नामः ट्रक यातायात व्यवसायी संघ नेपाल - बल्खु , काठमाडौं | १४. नामः महमद समसुदीन अंसारी<br>बाबुः नैमुदीन मिया<br>आमाः नर्नेशा खातुन<br>बाजेः रहमत मिया<br>पत्नीः सजेया खातुन<br>नागरिकता नं.:१६२७/२६७१ - बारा<br>स्थायी ठेगानाः वंजरिया-०९, बारा<br>कार्यालयको नामः खालिद एयर कन्डिसनर्स सेल्स एण्ड सर्विसेज प्रा.लि. -चाबहिल, काठमाण्डौ | १५. नामः ममता गुरुङ्ग<br>बाबुः दुर्ग बहादुर घर्ती<br>आमाः मनिसरा गुरुङ्ग<br>बाजेः भक्त बहादुर घर्ती<br>पतीः दल बहादुर गुरुङ्ग<br>नागरिकता नं.: ६४-०१-७५-००४३६- सुर्खेत<br>स्थायी ठेगानाः बराहताल-९, सुर्खेत<br>कार्यालयको नामः सि एम एस नेपाल प्रा.लि. - पुतलिसडक, काठमाण्डौ |
| १६. नामः मणिष श्रेष्ठ<br>बाबुः मदन श्रेष्ठ<br>आमाः सावित्री श्रेष्ठ<br>बाजेः रत्न लाल श्रेष्ठ<br>पत्नीः निशा श्रेष्ठ<br>नागरिकता नं.: २४- मकवानपुर<br>स्थायी ठेगानाः हेटौंडा -१०, मकवानपुर | १७. नामः प्रकाश दाहाल<br>बाबुः खगेन्द्र प्रसाद दाहाल<br>आमाः गोमा दाहाल<br>बाजेः लक्ष्मी प्रसाद दाहाल<br>पत्नीः भावना घिमिरे<br>नागरिकता नं.: ११९६७- ताप्लेजुङ्ग<br>स्थायी ठेगानाः फुङ्गलिङ्ग-०७, ताप्लेजुङ्ग<br>कार्यालयको नामः गल्फ ट्राभल एण्ड टुर्स प्रा.ली.- हात्तीसार, काठमाडौं | १८. नामः प्रकाश कुमार साह<br>बाबुः विल्टु साह<br>आमाः सिज्योतिया देवी साह<br>बाजेः तिथर साह<br>पत्नीः ज्योती साह<br>नागरिकता नं.: १७१०६२/९- धनुषा<br>स्थायी ठेगानाः लोहना-७, धनुषा<br>कार्यालयको नामः माइक्रो ल्याबस् लि |
| १९. नामः रमन राय यादव<br>बाबुः दुखा राय<br>आमाः श्याम परी देवी<br>बाजेः मुखा राय<br>पत्नीः सुदामा कुमारी देवी<br>नागरिकता नं.: १७३९- रौतहट<br>स्थायी ठेगानाः समनपुर-६, रौतहट | २०. नामः साजन थापा<br>बाबुः ढाल बहादुर थापा<br>आमाः पुष्पा कुमारी थापा<br>बाजेः कुल बहादुर थापा<br>नागरिकता नं.:२२१००५/२८८- दोलखा<br>स्थायी ठेगानाः पवटी-०९, दोलखा<br>कार्यालयको नामः टिपिकल थकाली फूडल्याण्ड प्रा.ली - काठमाडौं | २१. नामः संजिव सिं महर्जन<br>बाबुः मदन महर्जन<br>आमाः गुजेश्वरी महर्जन<br>बाजेः खग मान महर्जन<br>पत्नीः मनिका ब्यान्जनकर<br>नागरिकता नं.: ११०४०- ललितपुर<br>स्थायी ठेगानाः ललितपुर-२०, ललितपुर<br>कार्यालयको नामः महालक्ष्मी सिं स्टोर- महालक्ष्मी-१, ललितपुर |
| २२. नामः सन्त कुमार मण्डल<br>बाबुः सुर्य नाथ मण्डल<br>आमाः रामपरी देवी<br>बाजेः जय देव मण्डल धानुक<br>पत्नीः मिन्टु कुमारी मण्डल<br>नागरिकता नं.: २२१५४०८ - सिराहा<br>स्थायी ठेगानाः इटारी पसाही-६, सिराहा | २३. नामः शोश्वर्त भट्टराई<br>बाबुः राम प्रसाद उपाध्याय भट्टराई<br>आमाः रमा भट्टराई<br>बाजेः भिम प्रसाद भट्टराई<br>नागरिकता नं.: २७१०६०/५०७१८ काठमाण्डौ<br>स्थायी ठेगानाः कठजोर-०३, रामेछाप<br>कार्यालयको नामः- लक्ष्मी स्टील्स प्रा.ली - न्यौपाने टावर, तिनकुने, काठमाण्डौ | २४. नामः श्याम कार्की<br>बाबुः धन बहादुर कार्की<br>आमाः वि माया कार्की<br>बाजेः विर्ख बहादुर कार्की<br>पत्नीः भक्त लक्ष्मी अवाल<br>नागरिकता नं.: २२१२२८४/३५१५- दोलखा<br>स्थायी ठेगानाः चरीकोट-४, दोलखा<br>कार्यालयको नामः एस.के फेशन-सूर्यविनायक, भक्तपुर |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



**हिमालयन बैंक लिमिटेडको बत्तीसौं वार्षिक साधारणसभा बारे सूचना**

२०८१ साल पौष महिना ७ गते बसेको संचालक समितिको बैठक नं ४६४ औं को निर्णयानुसार यस बैंकको बत्तीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइने व्यहोरा अनुरोध छ ।

**बत्तीसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान:**
मिति : २०८१ साल पौष २९ गते सोमबार (तदनुसार जनवरी १३, २०२५)
स्थान : नेपाल आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं
समय : बिहान १०:०० बजे

**छलफलका विषय-सूची:**

**क) सामान्य प्रस्ताव:**
१) बत्तीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण (बैंक तथा सहायक कम्पनीहरु श्री हिमालयन क्यापिटल लि., श्री हिमालयन सेक्यूरिटज र श्री हिमालयन लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरण सहितको एकिकृत विवरण) छलफल गरी स्वीकृत गर्ने ।
३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा १७ बमोजिम श्रीमती जेसमीन हाडा बज्राचार्यलाई बैंकको संचालक समितिको ४६२ औं बैठकले मिति २०८१।०८।२७ गते देखि लागु हुने गरी ४(चार) वर्षको लागि स्वतन्त्र संचालकमा नियुक्त गरेको निर्णय जानकारी गराउने ।
४) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक CA Rajeev & Associates पुनः नियुक्त हुन सक्ने),

**ख) विशेष प्रस्ताव:**
१) गतवर्ष मिति २०८० पौष २९ गते सम्पन्न भएको बैंकको ३१ औं वार्षिक साधारणसभाले बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को परिच्छेद ३ को दफा ९ मा व्यवस्था भए बमोजिम बैंकको कुल शेयर पूँजीमा आवश्यक सर्वसाधारण शेयरधनी शेयर अनुपात कायम गर्नका लागि साधारण शेयर थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्न, थप सार्वजनिक निष्काशन हुने साधारण शेयरको संख्या निर्धारण गर्न र सोको अङ्कित मूल्यमा प्रिमियम समेत थप गरी जारी हुने शेयरको प्रिमियम सहितको मुल्य निर्धारण गर्न संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय भएकोमा मिति २०८१ आश्विन २० गते बसेको संचालक समितिको बैंठक नं. ४५९ बाट संस्थापक तथा सर्वसाधारण शेयरधनीको शेयर अनुपात ७०:३० कायम गर्न शेयर प्रिमियम सहित जम्मा ९२,५०,४६९ कित्ता शेयर थप सार्वजनिक निष्कासन (FPO) गर्ने निर्णय भई सम्बन्धित नियामक निकाय नेपाल राष्ट्र बैंकमा मिति २०८१ साल आश्विन १५ गते निवेदन पेश भई आवश्यक अनुमति प्राप्तिको प्रक्रियामा रहेको तथा सो प्राप्त हुनासाथ धितोपत्र वोर्ड लगायतका अन्य नियामक निकायको स्वीकृति पश्चात उपरोक्त थप सार्वजनिक निष्कासन हुने तथा सो पश्चात बैंकको जारी तथा चुक्ता पूँजीमा वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्तापूँजी कायम गर्न र थप सार्वजनिक निष्काशन भए पश्चात बैंकको साधारण शेयरधनी समूहको स्वामित्व प्रतिशत वृद्धि हुने र संस्थागत शेयरधनी समूहको स्वामित्व प्रतिशत घट्ने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन पारित गर्ने तथा सो सम्बन्धमा आवश्यकता अनुसार थप कार्य गर्न सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।
२) बैंकले आर्थिक वर्ष २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण लगायत विभिन्न सामाजिक कार्यहरु र विभिन्न संघ संस्थाहरुलाई प्रदान गरेको कुल रकम रु. १,३०,४०,५३५.१९ (अक्षरेपी एक करोड तीस लाख चालीस हजार पाँच सय पैतिस रुपैया उन्नाइस पैसा मात्र) अनुमोदन गर्ने । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरुको विस्तृत विवरणहरु बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।
३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव (अनुसूचीमा उल्लेख भए बमोजिम) पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायहरुबाट स्वीकृति लिदा वा अभिलेख गर्ने प्रक्रियामा उक्त निकायहरुले फेरबदल गरेमा आवश्यक समायोजन गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध:**

**जानकारी:**
१) मिति २०८१ साल पौष १८ गते एक दिन शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ ।
२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पठाइने छ ।
३) सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फारम भरी सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि कार्यालय समयभित्र श्री हिमालयन क्यापिटल लिमिटेड, कमलादी स्थित आई टि प्लाजामा दर्ता गरिसक्नु पर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ। बैंकका शेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एक भन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्ट्याएर दिएको प्रोक्सी बदर हुनेछ ।
४) सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी दर्ता गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समय भित्र श्री हिमालयन क्यापिटल लिमिटेड कमलादी स्थित आई टि प्लाजामा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ। उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ ।
५) छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।
६) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने दिन शेयरधनीको नाममा खोलिएको हितग्राही खाता (Demat) नम्बर वा आफ्नो परिचय खुल्ने कागजातका साथै हितग्राही खाता नभएका शेयरधनीहरुले शेयरधनी प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ। उक्त प्रमाणहरु पेश गरेपछि सभामा प्रवेश गर्न प्रवेशपत्र प्रदान गरिनेछ ।
७) नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।
८) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो वदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखत हिमालयन क्यापिटल लि. आई टि प्लाजा, कमलादीमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
९) हाजिर पुस्तिका बिहान ९:०० बजे देखि १२:०० बजे सम्म मात्र खुल्ला रहने छ ।

**शेयरधनी महानुभावहरु लाई विशेष जानकारी:**
१. बैंकले आफ्ना शेयर धनीहरुलाई न्यूनतम मौज्दात रु. ५००।-(पाँच सय) मा शेयरधनी बचत खाता खोली निःशुल्क डेबिट कार्ड प्रदान गर्ने व्यवस्था गरेको छ। त्यसरी खाता खोल्ने शेयरधनीहरुको लाभांश रकम उक्त खातामा जम्मा गरिनेछ ।
२. आ.व. २०७९।८० र सो भन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले हिमालयन क्यापिटल लिमिटेड, कमलादी स्थित आई टि प्लाजाबाट लिनु हुन अनुरोध छ। साथै हितग्राही खाता (DMAT) नभएका शेयरधनीहरुले हिमालयन क्यापिटल लि., आई टि प्लाजा, कमलादी वा अन्य सम्बन्धित संस्थामा यथाशीघ्र उक्त खाता खोल्न अनुरोध छ ।
३) सभा सम्बन्धी अन्य जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय वा हिमालयन क्यापिटल लि. आइ टि प्लाजा, कमलादी, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.
**हिमालयन बैंक लिमिटेड**
**केन्द्रीय कार्यालय, कमलादी, काठमाडौं**
**फोन नं. ०१-५९७१३४६, पो.ब.नं. २०५९० काठमाडौं**



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**नजिकिँदै गरेको क्रिसमसका लागि काठमाडौंको सुन्धारामा अवस्थित सिभिल मलमा सजाइएको कपडाको क्रिसमस ट्री वरपर मानिसहरू । अघिल्लो वर्षदेखि काठमाडौं महानगरपालिकाले प्लास्टिकका क्रिसमस ट्री प्रयोग गर्न निषेध गरेको छ ।**

# एनपीएलका चौकाबापत एनसेलले २६०० शैक्षिक सामग्री वितरण गर्ने

काठमाडौं (अस) । एनसेल फाउन्डेसनले क्रिकेटको रोमाञ्चकतालाई शिक्षासँग जोड्दै नेपाल प्रिमियर लिग (एनपीएल)का खेलमा हानिएका प्रत्येक चौकाबापत चारओटा शैक्षिक सामग्री वितरण गर्ने घोषणा अनुरूप २ हजार ६०० भन्दा बढी शैक्षिक सामग्री वितरण गर्ने भएको छ । यी सामग्री ग्रामीण र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयका विद्यार्थीलाई प्रदान गरिने बताइएको छ । एनपीएल अवधिमा ६५३ चौका हानिएको थियो । यसबापत फाउन्डेसनले घोषणा गरे बमोजिम २६१२ शैक्षिक सामग्री विद्यार्थीलाई वितरण गरिने पक्का भएको हो ।

क्रिकेटदेखि कक्षाकोठासम्मको यस नवीन पहलले विद्यार्थीको पठनपाठनमा सकारात्मक परिवर्तन ल्याउने र शिक्षालाई प्रवर्द्धन गर्दै उज्ज्वल भविष्यका लागि अवसरको ढोका खोल्न मद्दत पुऱ्याउने विश्वास एनसेलको छ । विद्यार्थीले प्राप्त गर्ने प्रत्येक शैक्षिक सामग्रीमा आवश्यक शैक्षिक सामग्री (स्कुल ब्याग, कापी, सिसाकलम, इरेजर, कटरलगायतका स्टेसनरी) समावेश हुने बताइएको छ ।

एनपीएलमा सबैभन्दा बढी चौका जनकपुर बोल्ट्सका खेलाडी लाहिरु मिलान्थाले हानेका छन् । उनले ३५ चौका हानेर १४० ओटा शैक्षिक सामग्री वितरण सुनिश्चित गरेका छन् । त्यस्तै दोस्रोमा पोखरा एभेन्जर्सका आन्द्रियस गौसले ३० चौका हानेका थिए, जसबाट १२० शैक्षिक सामग्री



र तेस्रोमा लुम्बिनी लायन्सका रोहितकुमार पौडेलको २६ चौकाबापत १०४ शैक्षिक सामग्रीको वितरण पक्का भएको एनसेलले जानकारी दिएको छ । त्यसैगरी चितवन राइनोजका रविन्द्र बोपारा र सुदूरपश्चिम रोयल्सका सैफ अली जैबले २४/२४ चौका हानेर १९२ शैक्षिक सामग्रीको वितरण सुनिश्चित गरेको बताइएको छ ।

'क्रिकेट खेल र एनसेल फाउन्डेसनको सामाजिक कार्य दुवैका हिसाबले यो एनपीएल एकदमै उत्साहजनक रह्यो । क्रिकेटप्रतिको चाखलाई सामाजिक कार्यसँग जोड्दै शिक्षाका लागि स्रोत आवश्यक रहेका विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गर्न यो पहलकदमी गर्न पाउँदा हामी अत्यन्त खुशी छौं,' एनसेलकी कर्पोरेट कम्युनिकेशन एन्ड सीएसआर हेड विशाखा लक्ष्मी खड्काले भनिन् । सामुदायिक विद्यालयका लक्षित विद्यार्थीसम्म यी सामग्री पुऱ्याउन एनसेलले कर्मयोग फाउन्डेसनसँग सहकार्य गरेको बताइएको छ । एनपीएलका लागि एनसेलको साझेदारी र प्रत्येक चौकाबापत चारओटा शैक्षिक सामग्रीको वितरण कम्पनीको 'हामी तपाईंकै लागि' थिम र नेपालमा क्रिकेट तथा खेलकुदको विकासमा समर्थन गर्ने प्रतिबद्धता अनुरूप रहेको बताइएको छ ।

*कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित भई बीमा ऐन, २०७९ बमोजिम संचालित*

## गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड
## GUARDIAN MICRO LIFE INSURANCE LIMITED

**रजिष्टर्ड ठेगानाः- विराटनगर महानगरपालिका, मुनालपथ, मोरङ्ग, नेपाल**
**फोन नं.: ९७७-०२१-५९०९०२, वेबसाइटः** www.gmli.com.np | **इमेल:** info@gmli.com.np

### वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि निष्काशन गरिएको साधारण शेयर बाँडफाँड सम्बन्धी सूचना

गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको आफ्नो जारी पूँजी रु ७५,००,००,०००।- (अक्षरेपी पचहत्तर करोड मात्र) को ३० प्रतिशत अर्थात रु.२२,५०,००,०००।- (अक्षरेपी बाईस करोड पचास लाख मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।– दरको २२,५०,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात् २,२५,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई प्रथम चरणमा मिति २०८१ मंसिर १९ गतेदेखि मिति २०८१ पौष ०३ गतेसम्म कुमारी क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा सार्वजनिक निष्काशन तथा बिक्री गरिएकोमा सो अवधिमा रीतपूर्वक आवेदन दिनुहुने २२,५०० जना आवेदकहरुलाई २,२५,००० कित्ता साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम **मिति २०८१ पौष ०८ गते** बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराउँदछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ताहरु, संकलन केन्द्रको रुपमा संलग्न सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बीमा प्राधिकरण, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, प्रत्याभूतिकर्ता, सञ्चार माध्यमहरु तथा सम्बन्धित सबै सरोकारवाला निकायहरुप्रति धन्यवाद ज्ञापन गर्दछौं ।

बाँडफाँडमा परेका शेयरहरुको विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटः www.kumaricapital.com वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित वेबसाइटः https://iporesult.cdsc.com.np/ बाट हेर्न सकिने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराउँदछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**
**कुमारी क्यापिटल लिमिटेड**
**KUMARI CAPITAL LIMITED**
Invest for your future
दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोनः ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

## एभरेष्ट बैंक लिमिटेडको धितोमा रहेको अचल सम्पत्तिहरु लिलाम बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

**(दोश्रो पटक प्रकाशित मिति २०८१/०९/०९)**

यस एभरेष्ट बैंक लि.को तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको विभिन्न ऋण कर्जा तथा बैकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रुपमा सूचना गरी ताकेता गर्दा र ऋणकर्जा चुक्ता भुक्तानी गर्न विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना र प्रथम पटक १५ दिने लिलामको सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले कर्जा भुक्तानीमा कुनै चासो नदेखाएकोले र प्रथम पटक १५ दिने लिलामको सूचना प्रकाशित गरिएकोमा कुनै बोलपत्र पेश नभएकाले ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्य प्रचलित कानुन बमोजिम तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा ऋणीहरु लगायत धितो लेखिदिने र व्यक्तिगत जमानी दिने तथा सर्वसाधारणको जानकारीका लागि यो **गोप्य शिलबन्दी बोलपत्र** आव्हानको १५ दिने सूचना दोश्रो पटक पुनः प्रकाशित गरिएकोछ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सक्नुहुनेछ ।

**तपसिल**

**शाखा कार्यालयः टिकापुर, कैलाली फोन नं.: ०९१-५६१३५७ ।**

| सि.नं. | ऋणीहरुको विवरण | व्यक्तिगत तथा धितो जमानी दिनेहरुको नाम, थर, ठेगाना | धितोमा रहेको सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६७/११/०१ मा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, धनगढी, कैलालीमा दर्ता भै दर्ता नं. १५०४५/०६७/०६८ (स्था.ब्या) अन्तर्गत दर्ता कायम रहेको **पर्ल कस्मेटिक्स ।** **ठेगानाः** कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ । **प्रोप्राईटरः** श्री नुर वहादुर क्षेत्रीकी बुहारी, श्री मोतिराम कुँवरकी छोरी, श्री कमल के.सी. की पत्नी साविक कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १, बस्ने वर्ष ४४ की (ना.प्र.प.नं १५८४०, जारी मिति २०५४/०२/३०, जिल्ला कैलाली) **श्रीमती मिनु कुँवर ।** | १) श्री मान बहादुर क्षेत्रीको नाति, श्री नुर बहादुर क्षेत्रीको छोरा वाग्लुङ जिल्ला, जैदी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर नगरपालिका, वडा नं. १ बस्ने वर्ष ४४ को (ना.प्र.प.नं. ३७८५/७९१, जारी मिति २०५४/१०/०२, जिल्ला वाग्लुङ) **श्री कमल के.सी. ।** २) श्री नुर वहादुर क्षेत्रीकी बुहारी, श्री मोतिराम कुँवरकी छोरी, श्री कमल के.सी. की पत्नी साविक कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १, बस्ने वर्ष ४४ की (ना.प्र.प.नं १५८४०, जारी मिति २०५४/०२/३०, जिल्ला कैलाली) **श्रीमती मिनु कुँवर ।** | १) श्री नुर वहादुर क्षेत्रीकी बुहारी, श्री मोतिराम कुँवरकी छोरी, श्री कमल के.सी. की पत्नी साविक कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १, बस्ने वर्ष ४४ की श्रीमती मिनु कुँवरका नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको साविक कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ छ हाल कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ स्थित **कित्ता नं. ९७** को **क्षेत्रफल ५०७.९५ वर्ग मिटर** को घर/जग्गा लगायत सम्पूर्ण लिग लगापातहरु । |
| २. | श्री नुर वहादुर क्षेत्रीकी बुहारी, श्री मोतिराम कुँवरकी छोरी, श्री कमल के.सी. की पत्नी साविक कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १, बस्ने वर्ष ४४ की (ना.प्र.प.नं १५८४०, जारी मिति २०५४/०२/३०, जिल्ला कैलाली) **श्रीमती मिनु कुँवर.....१** र श्री मान बहादुर क्षेत्रीको नाति, श्री नुर बहादुर क्षेत्रीको छोरा वाग्लुङ जिल्ला, जैदी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर नगरपालिका, वडा नं. १ बस्ने वर्ष ४४ को (ना.प्र.प.नं. ३७८५/७९१, जारी मिति २०५४/१०/०२, जिल्ला वाग्लुङ) **श्री कमल के.सी......१** जना दुई । | | |
| ३. | प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/१२/०६ मा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग, धनगढी, कैलालीमा दर्ता भै दर्ता नं. १९३७४/०७०/७१ (स्था.ब्या) अन्तर्गत दर्ता कायम रहेको **नवदुर्गा मल्टी ट्रेडर्स ।** **ठेगानाः** कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ । **प्रोप्राईटरः** श्री डब्बल सिंह बोहराकी छोरी, श्री गजेन्द्र बहादुर साउदकी बुहारी, श्री ललित बहादुर साउदकी पत्नी कैलाली जिल्ला, नारायणपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ बस्ने बर्ष ४५ की (ना.प्र.प.नं २०४४३, जारी मिति २०५४/१२/१२, जिल्ला कैलाली) **श्रीमती देवसरा कुमारी बोहरा ।** | १) श्री नरपति साउदको नाति, श्री गजेन्द्र बहादुर साउदको छोरा कैलाली जिल्ला, धनसिंपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर नगरपालिका वडा नं. १ बस्ने वर्ष ४९ को (ना.प्र.प.नं. १५५७२, जारी मिति २०५०/०३/१८, जिल्ला कैलाली) **श्री ललित बहादुर साउद ।** १) श्री डब्बल सिंह बोहराकी छोरी, श्री गजेन्द्र बहादुर साउदकी बुहारी, श्री ललित बहादुर साउदकी पत्नी कैलाली जिल्ला, नारायणपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ बस्ने बर्ष ४५ की (ना.प्र.प.नं २०४४३, जारी मिति २०५४/१२/१२, जिल्ला कैलाली) **श्रीमती देवसरा कुमारी बोहरा ।** | १) श्री डब्बल सिंह बोहराकी छोरी, श्री गजेन्द्र बहादुर साउदकी बुहारी, श्री ललित बहादुर साउदकी पत्नी कैलाली जिल्ला, नारायणपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ बस्ने बर्ष ४५ की **श्रीमती देवसरा कुमारी बोहरा**का नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको साविक कैलाली जिल्ला, नारायणपुर गा.वि.स. वडा नं ४ हाल कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ६ स्थित **कित्ता नं. ६३६** को **क्षेत्रफल १-०-० (बि.क.धु)** को घर/जग्गा लगायत सम्पूर्ण लिग लगापातहरु र श्री नरपति साउदको नाति, श्री गजेन्द्र बहादुर साउदको छोरा कैलाली जिल्ला, धनसिंपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर नगरपालिका वडा नं. १ बस्ने वर्ष ४९ को **श्री ललित बहादुर साउद**का नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ८ सितापुर स्थित **कित्ता नं. १२६७** को **क्षेत्रफल ३३८.६३ (वर्ग मि.)** को घर/जग्गा लगायत सम्पूर्ण लिग लगापातहरु । |
| ४. | श्री डब्बल सिंह बोहराकी छोरी, श्री गजेन्द्र बहादुर साउदकी बुहारी, श्री ललित बहादुर साउदकी पत्नी कैलाली जिल्ला, नारायणपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १ बस्ने बर्ष ४५ की (ना.प्र.प.नं २०४४३, जारी मिति २०५४/१२/१२, जिल्ला कैलाली) **श्रीमती देवसरा कुमारी बोहरा .....१** र श्री नरपति साउदको नाति, श्री गजेन्द्र बहादुर साउदको छोरा कैलाली जिल्ला, धनसिंपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर नगरपालिका वडा नं. १ बस्ने वर्ष ४९ को (ना.प्र.प.नं. १५५७२, जारी मिति २०५०/०३/१८, जिल्ला कैलाली) **श्री ललित बहादुर साउद.....१** समेत जना दुई । | | |

**शाखा कार्यालयः सुखड, कैलाली फोन नं.: ०९१-४०३२२४ ।**

| सि.नं. | ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेहरुको नाम, थर, ठेगाना | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/०७/२० मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.नं. ७२२५/१४७/२०७०-०७१ अन्तर्गत दर्ता कायम भएको तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय धनगढी, करदाता सेवा कार्यालय धनगढी, कैलालीको मिति २०६५/०९/०३ को पान नं. ३०३३३१५७५ र मु.अ.कर मिति २०७२/०१/२० अन्तर्गत दर्ता भएको **डिलासैनी मसाला उद्योग ।** **ठेगानाः** कैलाली जिल्ला, घोडाघोडी नगरपालिका वडा नं. ३, (नरायणपुर) सुखड । **प्रोप्राईटरः** श्री खगेन्द्र धामीको नाति, श्री मंगल सिंह धामीको छोरा बैतडी जिल्ला, मल्लादेही गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी नगरपालिका वडा नं. १, सुखड बस्ने बर्ष ६३ को (ना.प्र.नं. ७३१४५५, जारी मिति २०३८/०३/१०, जिल्ला बैतडी) **श्री डम्बर बहादुर धामी ।** | १) श्री खगेन्द्र धामीको नाति, श्री मंगल सिंह धामीको छोरा बैतडी जिल्ला, मल्लादेही गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी नगरपालिका वडा नं. १, सुखड बस्ने बर्ष ६३ को (ना.प्र.नं. ७३१४५५, जारी मिति २०३८/०३/१०, जिल्ला बैतडी) **श्री डम्बर बहादुर धामी ।** २) श्री मंगल सिंह धामीको नाति, श्री डम्बर बहादुर धामीको छोरा कैलाली जिल्ला, दरख गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी नगरपालिका वडा नं. १, सुखड बस्ने बर्ष ३३ को (ना.प्र.नं. ६७१०२९/४५३, जारी मिति २०६६/०८/२६, जिल्ला कैलाली) **श्री पदम धामी ।** ३) श्री मंगल सिंह धामीकी बुहारी, श्री डम्बर बहादुर धामीकी पत्नी बैतडी जिल्ला, मल्लादेही गा.वि.स. वडा नं. ८ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी नगरपालिका वडा नं. १, सुखड बस्ने बर्ष ५८ की (ना.प्र.नं. १२६३, जारी मिति २०४६/०२/२१, जिल्ला बैतडी) **श्रीमती लक्षीमा धामी ।** | १) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७०/०७/२० मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलाली मा प्रा.फ.नं. ७२२५/१४७/२०७०-०७१ अन्तर्गत दर्ता कायम भएको **डिलासैनी मसाला उद्योग**का नाममा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, दरख गा.वि.स. वडा नं. ८, **कित्ता नं. ९०३** को क्षेत्रफल **०-२-२-२ (बि.क.धु.क.)** को जग्गा र भवन तथा सो जग्गा-भवनले चर्चेको सम्पूर्ण लिग लगापातहरु । |

**शर्त बन्देजहरु**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितीले **१५ (पन्ध्रौं) दिन अर्थात मिति २०८१ साल पुस महिना २३ गते** भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरू स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२) बोलपत्र निवेदनको ढाँचामा लेखी बोलपत्र वालाको हस्ताक्षर सहित खामबन्दी (लाह छाप) गरी बाहिर **(मिति २०८१ साल पुस महिना ९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा)** उल्लेख भए बमोजिमको घर/जग्गाको लागि इच्छुक बोलपत्र दाताले धितोमा रहेको सम्पत्तिहरु मध्ये जुन सम्पत्ति लिन चाहेको हो सो खुलाई अलग अलग बोलपत्र पेश गर्न सक्नुहुनेछ साथै बोलपत्रदाताले धितोमा रहेको घर/जग्गा लगायत अचल सम्पत्तिहरुको लागि एकमुष्ट बोलपत्र समेत पेश गर्न सक्नुहुनेछ ।
३) बोलपत्रमा आफुले कुन चाहिँ धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्नेछ । बैंक ड्राफ्ट/गुडफर पेमेन्ट चेक/मेनेजर्स चेक वाहेक अन्य कुनै किसिमका धरौट स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन ।
४) यो सूचना प्रकाशित भएको मितिले **१६ (सोह्रौं) दिन अर्थात मिति २०८१ साल पुस महिना २४ गते बुधबार अपरान्ह ३:०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा सम्बन्धित शाखा कार्यालयहरूमा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५) बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६) म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७) बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।
८) बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्रमा प्रस्ताव गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
९) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरू समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०) लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा कार्यालयहरूको कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
११) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंकले उक्त सम्पत्तिको स्वामित्व आफ्नो नाममा सकार गरिलिन सक्नेछ ।
१२) गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१३) प्राप्त भएको गोप्य शिलबन्दी मार्फत सबैभन्दा बढी बोल अंक राखि गोप्य शिलबन्दी पेश गर्ने बोलपत्रदाताको प्रस्ताव आंशिक वा पूर्ण रूपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग नै सुरक्षित रहनेछ ।
१४) बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरू रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।
१५) धितोबन्धक लेखिदिएको घरजग्गा लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित कानून तथा बैंकको ऋण असुली नीति बमोजिम असुल उपर गरिलिन थप कारवाही अघि बढाइनेछ ।
१६) धितोदिने तथा व्यक्तिगत जमानीदिने माथि उल्लेखित महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**पुनश्चः (धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेहरुलाई सूचना) :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्तदिन स्वयम् उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा वा हाल बैंकबाट भएको मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै तपाईहरुबाट बैंकको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार गरिलिएमा वा बैंक आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र उक्तजग्गा तथा घर खाली गरी बैंकलाई हस्तान्तरण गर्नु हुन समेत सूचित गरिएको छ । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मूल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट थप जानकारी गराइएको छ ।

**एभरेष्ट बैंक लिमिटेड**
**EVEREST BANK LIMITED**
(A joint-Venture with punjab national bank, India)

**प्रधान कार्यालय**
**लाजिम्पाट, काठमाण्डौं**
**फोन नं.: ०१-४५४३३७७**

**दिगो, दरिलो र विश्वासिलो**

यदि तपाईं पैसा कमाउन चाहनुहुन्न भने विज्ञापन पूर्णतया अनावश्यक छ ।
**- जेफ आई रिचार्ड्स**

सम्पादकीय

# एसएमइज प्लेटफर्म शीघ्र सञ्चालन

विसं २०८० देखि नै पूँजी बजारमा साना तथा मझौला उद्योगहरू (एसएमइज) का लागि अलग प्लेटफर्म बनाउने चर्चा भए पनि त्यसको सञ्चालनका लागि आवश्यक नियमावली सरकारले बल्ल पारित गरेको छ । यो पारित भएसँगै छिटै एसएमइज प्लेटफर्म शुरू गर्ने बाटो खुलेको छ । अहिले यस्तो अलग प्लेटफर्म नहुँदा स्टार्टअपलगायत साना कम्पनीहरूलाई पूँजी उठाउन र दोस्रो बजारमा शेयर कारोबार सहज बनाउन समस्या परेको छ । यसको कार्यान्वयनले पूँजी बजार थप विस्तार हुन सक्छ ।

अहिले पनि एसएमइजले शेयर जारी गर्न नसक्ने होइन । दोस्रो बजारमा तिनको कारोबार गर्नै नमिल्ने पनि होइन । तर, ठूला कम्पनीसरह व्यवहार हुँदा तिनलाई समस्या परेको छ । त्यस्तै दोस्रो बजारमा यस्ता साना कम्पनीहरूको शेयर मूल्यमा चलखेल गर्न सजिलो हुने भएकाले यस्तो भइरहेको आशंका पनि छ । एकातिर पूँजी बजारको विकृति रोक्न मद्दत गर्ने र अर्कातिर साना कम्पनीहरूलाई पूँजीको जोहो गर्न केही सहजीकरण गर्ने भएकाले अब तत्कालै अलग प्लेटफर्म सञ्चालन गर्न ढिला गर्नु हुँदैन । बजार सञ्चालक नेपाल स्टक एक्सचेन्जले नियामकको निर्देशन आए सञ्चालन गर्न समस्या नहुने बताएकाले नेपाल धितोपत्र बोर्डले त्यसको कार्यान्वयन तत्कालै गरिहाल्नुपर्छ । नियमावली बनाउन नै धेरै समयमा लागेकाले अब सञ्चालनमा विलम्ब गर्नु हुँदैन । नेपालमा साना तथा मझौला उद्योगहरूलाई प्रोत्साहन गर्न आवश्यक छ । एसएमइज भनेका अर्थतन्त्रका मेरूदण्ड नै हुन् । तर, तिनले नै व्यवसाय विस्तार गर्न स्रोतको अभाव झेल्नु परिरहेको छ । बैंक वित्तीय संस्थाले एसएमईजलाई प्राथमिकतामा राखेको भनेपनि कर्जा पाउन यस्ता कम्पनीहरूलाई गाह्रो पर्ने गरेको छ । स्टार्ट अपहरू पनि यही वर्गमा पर्छन् । धेरै स्टार्टअप सञ्चालकहरूसँग नयाँ सोच हुने तर स्रोत नहुने र कर्जा लिन पर्याप्त धितो पनि नहुने समस्या रहने गरेको छ ।

**एसएमइज प्लेटफर्ममार्फत उठाइएको पूँजी सामान्यतया व्यवसाय विस्तार, वर्किङ क्यापिटलमा प्रयोग गर्ने तथा बैंक ऋण घटाउनेसहित विभिन्न उद्देश्यका लागि प्रयोग हुन्छ ।**

सरकारले स्टार्टअपहरूलाई सहुलियत ब्याजदरमा कर्जा दिने नीति लिएको छ । त्यस्तो कर्जा लिन निकै समय लाग्ने र रकम पनि थोरै भएकाले थप पूँजीका लागि उनीहरूले सर्वसाधारणमा शेयर जारी गरी पैसा उठाउन सक्छन् । त्यसैले उनीहरूलाई यसमा सहजीकरण गर्न पूँजी बजारमा एसएमइज प्लेटफर्म सहयोगी हुन सक्छ । कार्यविधिले साधारणका लागि निष्कासन गरिएको धितोपत्रबाहेक अन्य धितोपत्र सर्वसाधारणमा शेयर बाँडफाँट भएको मितिदेखि ३ वर्ष नभएसम्म बिक्री गर्न नपाइने व्यवस्था गरेको छ । तर, प्राइभेट इक्विटी, भेन्चर क्यापिटल, हेज फन्ड वा यस्तै प्रकारको कोषका रूपमा बोर्डमा वा विदेशमा दर्ता भएको कोषको स्वामित्वमा रहेको धितोपत्र भने सर्वसाधारणमा बाँडफाँट भएको मितिले १ वर्षको अवधि पूरा भएपछि बिक्री गर्न पाइने व्यवस्था नियमावलीमा छ ।

नियमावलीमा भएको व्यवस्थाबमोजिम धितोपत्रको सार्वजनिक निष्कासन गर्ने साना तथा मझौला संगठित संस्थाले पब्लिक कम्पनीका रूपमा कारोबार सञ्चालन गरेको एक आर्थिक वर्ष पूरा हुनुपर्नेछ । धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धमा निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको, संस्थापकहरूले लिन कबुल गरेको धितोपत्रको रकम शतप्रतिशत चुक्ता भइसकेको र सर्वसाधारणका लागि निष्कासन गरिने सम्पूर्ण धितोपत्रको प्रत्याभूति गरिएको हुनुपर्नेछ । प्रस्तावित प्लेटफर्ममा कारोबार हुने कम्पनीको चुक्तापूँजी बढीमा २५ करोड रुपैयाँसम्म हुने व्यवस्था संशोधित नियमावलीमा गरिएको छ । तर, यस्ता संस्थाको उपस्थिति र बजारको अवस्था हेरेर नेपाल धितोपत्र बोर्डले चुक्तापूँजीको सीमा हेरफेर गर्न सक्नेछ ।

एसएमइज प्लेटफर्मको विशेषता भनेको कम्पनीहरूलाई सरल नियमन लागू हुनु हो । यसबाट कम्पनीहरूको लागत र प्रशासनिक भार कम गर्छ । त्यस्तै यस्ता कम्पनीका लागि एक्सचेन्जले कम सूचीकरण शुल्क लिन्छन् । यस्तो प्लेटफर्ममार्फत उठाइएको पूँजी सामान्यतया व्यवसाय विस्तार, वर्किङ क्यापिटलमा प्रयोग गर्ने तथा बैंक ऋण घटाउनेसहित विभिन्न उद्देश्यका लागि प्रयोग हुन्छ । पूँजी बजारको विकासका लागि विभिन्न किसिमका सुधारका काम भइरहेका छन् । थप उपकरण ल्याउन पुगेको छैन । यस्तोमा एसएमइज प्लेटफर्म सञ्चालनमा आएपछि बजारमा साना कम्पनीको मूल्यमा अहिले भइरहेको चलखेल रोक्न पनि केही सहज हुन्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## जोगबनी-राधिकापुर वैकल्पिक रेलमार्गका रूपमा प्रयोग हुने

नेपालले जोगबनी-राधिकापुर रेलमार्गलाई वैकल्पिक मार्गका रूपमा प्रयोग गर्ने भएको छ । बङ्गलादेशले पूर्वाधार निर्माणमा ढिलाइ गरेपछि सो रेलमार्गलाई वैकल्पिक मार्गका रूपमा राख्नु परेको वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव रामेश्वर पोखरेलले अभियानलाई बताए ।

'भारतले रेल सेवालाई ब्रोडगेजमा लगिसकेको छ,' उनले भने, 'तर, बङ्गलादेशले ब्रोडगेजमा ल्याउन नसक्दा दुई देशबीच रेलसेवा सञ्चालन हुन नसकेको हो ।' द्विपक्षीय व्यापारमा जोगबनी-राधिकापुर रेलमार्ग उपयोगको सम्भावना देखिए पनि बङ्गलादेशतर्फ रेल सेवा मिटरगेजमै रहेकाले समस्या आएको उनको भनाइ छ । दुई देशका वाणिज्य सचिवको ढाकामा हुने आगामी बैठकमा रेलमार्गलाई वैकल्पिक मार्गका रूपमा प्रयोग गर्ने सम्बन्धमा छलफल भने भएको छ ।

वर्ष ८, अंक ७९, शुक्रवार २२ मङ्सिर, २०६९

# नेपालमा बहुमूल्य धातु र रत्नको व्यवसाय

## आभूषणमा वैश्विक केन्द्र बनाउने उपाय

बहुमूल्य धातु, रत्न र आभूषण भन्नाले सुन र चाँदी (मुद्रासमेत) हिरा, मोती, मणि, माणिक्य, बहुमूल्य पथ्थर, प्लेटिनम, इरिडिम, ओसनियम, रुथेनियम तथा तिनबाट बनेका गरगहना आदि भन्ने बुझिन्छ । अन्तरराष्ट्रिय व्यापारको प्रयोजनका लागि एचएस वर्गीकरणको भाग ७१ मा परिभाषित वस्तुहरू यस वर्गमा पर्छन् । एचएसको चार अंकीय वर्गीकरणमा यस क्षेत्रमा १८ वर्गका वस्तुहरू पर्छन् ।

अपवादबाहेक माग र आकर्षणमा कमी नहुने वस्तुहरूमा बहुमूल्य धातु, रत्न र आभूषणहरू पनि पर्छन् । सम्पन्नता र असुरक्षा, भय र त्रासमा अत्यधिक माग र आकर्षण रहने यी वस्तु अन्तरराष्ट्रिय आर्थिक व्यवस्थाका व्यवस्थापकीय आधारका रूपमा समेत रहेका छन् । सन् २०२३ मा मात्रै यी वस्तुको विश्व आयात ९५० दशमलव ९८ अर्ब अमेरिकी डलर बराबर रहेको छ । यी वस्तुको महत्त्वलाई दृष्टिगत गर्दै विश्वका विकसित देशहरू र प्रमुख आर्थिक शक्ति राष्ट्रहरूले यी वस्तुहरूमा यथाशक्य न्यून भन्सार दरहरू लागू गरेका छन् । उदाहरणका लागि उपर्युक्त वस्तुहरूका विश्वका प्रमुख १० आयातकर्ता मुलुकमध्ये स्वीट्जरल्यान्ड, सिंगापुर र हङकङ (चीन) ले शून्य भन्सारको व्यवस्था गरेका छन् भने बेलायत र जर्मनीले शून्य दशमलव १ प्रतिशतमात्र भन्सार दरको लागू गरेका छन् । यस्तै गरी उपर्युक्त वस्तुहरूमा टर्कीले शून्य दशमलव ८ प्रतिशत, यूएईले ३ दशलमव ४ प्रतिशत, चीनले ४ दशमलव ४ प्रतिशत र भारतले ९ दशमलव ३० प्रतिशत भन्सार महशुल लगाएको देखिन्छ ।

नेपालमा पनि बहुमूल्य धातु, रत्न र आभूषणको वैदेशिक व्यापारको आयात भने ठूलो मात्रामा हुने गरेको छ । परन्तु त्यसको तुलनामा निर्यात भने नगण्य मात्रामा मात्र हुने गरेको छ । यसको अर्थ यसको आयात नेपालको निर्यात प्रयोजनका लागि अतिकम उपयोग भएको छ । यो आन्तरिक खपत भएको सहजै अनुमान लगाउन सकिन्छ । सामाजिक प्रतिष्ठा र सम्पन्नताको मापनका एक महत्त्वपूर्ण कारकतत्त्वका रूपमा रहेका कारण अन्य महादेशका मुलुकहरूका तुलनामा एशियाली मुलुकहरूमा यसका आमउपभोक्ता रहेको र बहुमूल्य धातु, रत्न र आभूषणहरूको सञ्चय व्यापारिक भन्दा पनि व्यक्तिगत र पारिवारिक रूपमा सञ्चय गर्न खरीद भएको देखिन्छ । नेपालीहरू पनि बहुमूल्य धातु, रत्न र आभूषणको यही प्रकृतिको उपभोक्ता समूहभित्र पर्छन् । तसर्थ नेपाल जहिले पनि यसको महत्त्वपूर्ण बजारका रूपमा रहिआएको छ । विगत १६ वर्षमा यसको आयातमा वार्षिक औसत २४ प्रतिशतको वृद्धि यसैको प्रमाणका रूपमा रहेको छ । नेपालमा भित्रिएको विप्रेषणजन्य सम्पन्नता तथा आडम्बरयुक्त नेपाली उपभोक्ता संस्कृतिका कारण पछिल्ला वर्षहरूमा बहुमूल्य धातु, रत्न र आभूषणको बजार नेपालमा अझ आकर्षक हुने सम्भावना छ ।

नेपालमा बहुमूल्य धातु, रत्न र आभूषणको व्यापारको सम्भावनाको अर्को पक्ष पनि विद्यमान छ । भारत र चीनका उपभोक्ताको संगमस्थलका रूपमा नेपाललाई बहुमूल्य धातु, रत्न र आभूषणको व्यापारिक केन्द्रका रूपमा विकास गर्न सकेको खण्डमा यसका लागि नेपाल दक्षिण एशिया र चीनको संगम स्थलमा रूपमा उदाउने देखिन्छ । जसरी आज हङकङ, सिंगापुर, दुबई, चीन र भारत एशियाका बहुमूल्य धातु, रत्न र आभूषणका पञ्चकोणका रूपमा स्थापित भएका छन् त्यसरी नै नेपाल पनि स्थापित हुन सक्छ । उचित नीति, रणनीति र कार्यक्रमहरू लागू गर्न सकेको खण्डमा नेपाल उक्त पञ्चकोणमा एउटा थप कोणका रूपमा विकास भई एशियामा बहुमूल्य धातु, रत्न र आभूषणको षट्कोण बन्न सक्ने सम्भावना देखिएको छ । नेपाललाई हङकङ, सिंगापुर, दुबई, चीन र भारतजस्तै हङकङ, सिंगापुर, दुबई, चीन र भारतको आकर्षक व्यापारिक केन्द्रका रूपमा विकास गर्न देहायका विषयमा कार्यारम्भ गरिनु आवश्यक देखिन्छ ।

### अवधारणात्मक पक्ष

नेपाललाई बहुमूल्य धातु, रत्न र आभूषणको व्यापारिक केन्द्रका रूपमा विकास गर्न यी वस्तुलाई विलासिताका वस्तुका रूपमा वर्गीकरण गरी त्यसअनुसारको व्यवहार गर्ने पक्षमा आमूल परिवर्तन आउन आवश्यक छ । यी वस्तुको व्यापारिक गतिविधिहरूमा वृद्धि गरी मुलुकको अर्थतन्त्र चलायमान बनाउनुपर्छ भन्ने अवधारणा नेपालले अंगीकार गर्नु आवश्यक छ । जसरी भारत, चीन, हङकङ, सिंगापुर र दुबईले बहुमूल्य धातु, रत्न र आभूषणलाई मुलुकको समृद्धिको कारक तत्त्वका रूपमा विकास गर्दै गएका छन् नेपालले पनि त्यही बाटो अपनाउनुपर्छ । यसका लागि नेपाल सरकार, राजनीतिक दलहरू, समाज र सञ्चारजगत्मा आम सहमति हुन आवश्यक छ । बहुमूल्य धातु, रत्न र आभूषणहरू विलासिताका वस्तु होइनन् बरु सम्पन्नता आमन्त्रण गर्ने व्यापारिक प्रयोजनका वस्तुहरू हुन् जसको सही उपयोग गर्न सकेको खण्डमा नेपाल दक्षिण एशियाकै बहुमूल्य धातु, रत्न र आभूषणको व्यापारिक केन्द्र विन्दुका रूपमा विकास हुन सक्छ, देशभित्र उच्च आययुक्त लाखौंलाख रोजगारी सृजना हुन सक्छ भन्नेमा आमसहमति आवश्यक देखिन्छ ।



**नेपाललाई बहुमूल्य धातु, रत्न र आभूषणको व्यापारिक केन्द्रका रूपमा विकास गर्न यिनलाई विलासिताका वस्तुका रूपमा वर्गीकरण गरी त्यसअनुसारको व्यवहार गर्ने परिपाटीमा आमूल परिवर्तन आउन आवश्यक छ ।**

- कृष्णराज बजगाईं

**सन् २०२३ मा विश्वमा बहुमूल्य धातु, रत्न र आभूषणको आयात**

| देश | आयात (अर्ब युएस डलर) | सन्तुलन (अर्ब युएस डलर) | विगत पाँच वर्षको औसत वृद्धि प्रतिशत | विश्व आयातमा अंश प्रतिशत | आपूर्तिकर्ताबाट औसत दूरी किमी | औसत भन्सारदर प्रतिशत |
|---|---|---|---|---|---|---|
| विश्व | ९५०.९८ | –२७.५१ | १० | १०० | ६०५६ | |
| स्वीट्जरल्यान्ड | १२२.६८ | ४.८१ | ९ | १२.९ | ६१६७ | ० |
| यूएई | ११४.८८ | –२४.६७ | २१ | १२.१ | ५१२४ | ३.४ |
| चीन | ११४.२२ | –८२.६१ | २८ | १२ | ७८६४ | ४.४ |
| हङकङ, चीन | ११०.२६ | –२८.५६ | २० | ११.६ | ६१७५ | ० |
| युएसए | ८९.५५ | –१२.८८ | ८ | ९.४ | ८५१५ | ०.८ |
| भारत | ७२.५८ | –३९.१६ | ११ | ७.६ | ६८२२ | ९.३ |
| बेलायत | ६३.२० | १७.६६ | –१२ | ६.६ | ५७०४ | ०.१ |
| टर्की | ३३.९१ | –२०.२७ | १९ | ३.६ | २७२० | ०.३ |
| जर्मनी | २३.७० | –०.४१ | ६ | २.५ | ३६१९ | ०.१ |
| सिंगापुर | २०.८५ | –२.०६ | ४ | २.२ | ५९३२ | ० |

*स्रोतः आईटीसी*

**उत्तर र दक्षिणमा फैलिँदो सम्पन्नता, ठूलो जनसंख्या र नेपालप्रति सरकार र जनस्तरमा रहेको सद्भावका माझ नेपालले उच्च नैतिकता, सुरक्षा र व्यावसायिक तथा पेशागत धर्मको पालनासहित नीतिगत स्थिरताको वातावरण सृजना गर्ने हो भने केही दशकभित्रै नेपाल बहुमूल्य धातु, रत्न र आभूषणको विश्वको व्यावसायिक केन्द्रका रूपमा विकास हुने देखिन्छ ।**

### नीतिगत पक्ष

नेपाललाई बहुमूल्य धातु, रत्न र आभूषणको व्यापारको केन्द्रका रूपमा विकास गर्न यस्तै रणनीति अंगीकार गरेका मुलुकहरूको भन्दा एक तह अघि बढी अझ बढी उदार र व्यवसायमैत्री नीतिहरू अंगीकार गर्नुपर्छ । यस्ता उदार नीतिहरूमा यिनको आयातनिर्यात र आन्तरिक कारोबारको प्रयोजनका लागि करमुक्तिको नीति अंगीकार गरिनु आवश्यक छ ।

### नियमन पक्ष

बहुमूल्य धातु, रत्न र आभूषण क्षेत्रलाई करमुक्त र बाधारहित कारोबारको व्यवसायका रूपमा विकास गर्दै जाँदा यी व्यवसायमा अनधिकृत तत्वहरूको प्रवेश नहोस् भन्नका लागि यी वस्तुहरूको आयात निर्यातको पञ्जीकरण, व्यवसायमा पारदर्शिता र गुणस्तर कायम, कारोबारजन्य सुरक्षाको प्रत्याभूति तथा सम्पत्ति निर्मलीकरणको नियन्त्रणलगायत क्षेत्रमा कार्य गर्ने गरी सक्षम, निष्पक्ष र गतिशील नियमनकारी निकायको व्यवस्था हुन पनि त्यत्तिकै जरुरी छ ।

### संरचनागत पक्ष

नेपाललाई बहुमूल्य धातु, रत्न र आभूषणको व्यापारिक केन्द्रको रूपमा विकास गर्न निश्चित क्षेत्रलाई व्यावसायिक केन्द्रका रूपमा विकास गर्नुपर्छ । यसप्रकारको व्यावसायिक क्षेत्रका लागि काठमाडौंको न्यूरोड र मंगलबजार क्षेत्र तथा विमानस्थलका विक्रीकक्षहरू यसका सबैभन्दा उपयुक्त स्थानका रूपमा रहेका छन् । यी क्षेत्रहरूमा बहुमूल्य धातु, रत्न र आभूषणसम्बन्धी तालीम केन्द्र, नियामक निकायहरू, एक्सचेन्ज केन्द्र, वित्तीय केन्द्र, भल्ट सुविधा, व्यावसायिक सुरक्षा प्रबन्ध, र सुरक्षा वृत्तजस्ता सुविधाहरू उपलब्ध हुन जरुरी छ । सबैभन्दा महत्त्वपूर्ण विषय यी वस्तुको एक्सचेन्जको व्यवस्था हुन जरुरी छ र यी वस्तुहरूलाई ईटीएफ कारोबारको सुविधाको दायरामा ल्याउन पनि त्यत्तिकै जरुरी छ ।

### समग्र सुरक्षा प्रत्याभूति

बहुमूल्य धातु, रत्न र आभूषणको व्यापारसँग स्थायित्व, सुरक्षा प्रत्याभूतिजस्ता विषय अन्योन्याश्रित रूपमा गाँसिएर आउने विषय हुन् । विश्वका सबै केन्द्रीय बैंकहरूले बैंक अफ इङल्यान्डको भल्टमा सुन राख्नुको कारण उक्त देशको साख र सुरक्षा प्रत्याभूति हो । स्वीस बैंकहरू विश्वमै बचतका लागि पहिलो छनोटमा रहनुमा पनि उक्त देशको साख र सुरक्षा प्रत्याभूति एक मात्र कारणका रूपमा रहेको छ । सिंगापुर र हङकङका बैंकहरू विश्वका केन्द्रीय बैंकका बचतका विश्वपात्र हुनुमा पनि उनीहरूको साख र सुरक्षा प्रत्याभूति प्रमुख कारण हो । साख र सुरक्षा प्रत्याभूतिका लागि आणविक बम र भीमकायी सेना नै चाहिन्छ भन्ने होइन । यसका लागि आवश्यक हुन्छ : नीतिगत स्थायित्व, ती नीतिप्रति आमजनता, नेतृत्व, प्राज्ञिक समुदाय र राज्यका अंगहरूको निष्ठा तथा अन्तरराष्ट्रिय सम्बन्धको व्यवस्थापन गर्ने कूटनीतिक कौशल । स्वीट्जरल्यान्ड यस अभ्यासको सबैभन्दा उल्लेख्य उदाहरणका रूपमा रहेको छ ।

### व्यवसायिक र पेशागत धर्म निर्वाह

बहुमूल्य धातु, रत्न र आभूषणको व्यवसाय उच्च नैतिकता, इमानदारी र दक्षताको माग हुने अति संवेदनशील क्षेत्र हो । यी तीनओटा क्षेत्रमा हुने सानो भन्दा त्रुटि, लापरबाही र चलखेलले एउटा व्यवसाय मात्र होइन, सम्पूर्ण देशको व्यवसाय नै संकटमा पर्न जान्छ । तसर्थ नेपाललाई बहुमूल्य धातु, रत्न र आभूषणको वैश्विक केन्द्रका रूपमा विकास गर्ने हो भन्ने यस क्षेत्रमा संलग्न र आबद्ध व्यवसायीहरूले पनि सोहीअनुरूप उच्च नैतिकता, इमानदारी र दक्षताको प्रदर्शन गर्न जरुरी हुन्छ । यसका लागि उक्त व्यवसायमा आबद्ध संघसंगठनले आचारसंहिताको पूर्ण पालना गर्नुपर्छ र गलत क्रियाकलापहरूको नियामक निकायहरूलाई तुरुन्त सूचना दिने अभ्यासको पालना गर्नु पनि त्यत्तिकै जरुरी छ ।

**नेपालमा बहुमूल्य धातु, रत्न र आभूषणको वैदेशिक व्यापार**

| आर्थिक वर्ष | निर्यात (रू. अर्ब) | आयात (रू. अर्ब) | सन्तुलन (रू. अर्ब) |
|---|---|---|---|
| २००८/०९ | ०.६२ | १३.८२ | –१३.२० |
| २००९/१० | ०.२३ | ४५.८६ | –४५.६४ |
| २०१०/११ | ०.४२ | १५.४३ | –१५.०० |
| २०११/१२ | ०.२५ | ३१.३२ | –३१.०७ |
| २०१२/१३ | ०.२४ | ३५.४१ | –३५.१८ |
| २०१३/१४ | ०.२९ | ३८.४७ | –३८.१८ |
| २०१४/१५ | ०.२८ | ३८.६४ | –३८.३६ |
| २०१५/१६ | ०.२५ | २४.२६ | –२४.०१ |
| २०१६/१७ | ०.२७ | ३२.१४ | –३१.८७ |
| २०१७/१८ | ०.३६ | ४५.९९ | –४५.६३ |
| २०१८/१९ | ०.५४ | ५२.४९ | –५१.९५ |
| २०१९/२० | ०.४० | २४.५३ | –२४.१४ |
| २०२०/२१ | ०.७७ | ३९.३३ | –३८.५६ |
| २०२१/२२ | १.१७ | ६३.१९ | –६२.०२ |
| २०२२/२३ | ०.६७ | ५१.५४ | –५०.८७ |
| २०२३/२४ | ०.४५ | ३४.१२ | –३३.६७ |

*स्रोत : भन्सार विभाग*

### राजनीतिक प्रतिबद्धता

नेपाललाई बहुमूल्य धातु, रत्न र आभूषणको केन्द्रका रूपमा विकास गर्न आर्थिक क्षेत्रका सारभूत विषयमा राजनीतिक प्रतिबद्धता हुन जरुरी छ । विश्वकै सबैभन्दा बढी संवदेनशील व्यवसायका रूपमा रहेको यो क्षेत्रले सानोभन्दा सानो राजनीतिक आशंकालाई सहन गर्न सक्दैन । भारतमा गुजरात बहुमूल्य धातु, रत्न र आभूषणको केन्द्रका रूपमा विकास हुनुमा त्यहाँको समाज र राजनीतिले उक्त व्यवसायलाई प्रदान गरेको सम्मान र सुरक्षा सबैभन्दा महत्त्वपूर्ण कारकतत्त्वका रूपमा रहेको छ । नेपाल पनि उच्चस्तरको राजनीतिक सहमति, प्रतिबद्धता, नैतिकता र आचरणको आवश्यकता पर्छ । कोही अलिकति सम्पन्न हुँदा साथ शोषक, सामन्त, पूँजीवादी, दलाल भन्ने ट्याग लगाउँदै असुरक्षित गर्ने प्रवृत्ति छ । यस्तोमा बहुमूल्य धातु, रत्न र आभूषण व्यवसाय फस्टाउन सक्दैन । त्यसैले यस्ता प्रवृत्ति प्रवृत्तिहरूमा पूर्ण नियन्त्रण हुनपर्छ ।

### नीतिको निरन्तरता

नेपाललाई बहुमूल्य धातु, रत्न र आभूषणको वैश्विक व्यापारिक केन्द्र बनाउन चाहिने अर्को योग्यतामा नीतिगत निरन्तरता पनि हो । नीतिगत चञ्चलताको अभ्यास आम रहिरहेका बेला नीतिगत निरन्तरताको प्रत्याभूतिविना यस क्षेत्रमा उल्लेख्य लगानी हुन सक्दैन । तसर्थ यसको दीर्घकालीन विकासका लागि कर, सुविधा र प्रक्रियागत पक्षमा स्थिरताको प्रत्याभूति हुन आवश्यक छ । यो नीतिगत स्थिरतामा समाज, प्राज्ञिक वर्ग, राज्यका निकायहरू र राजनीतिक दलहरूले पनि उत्तिकै सम्मान प्रदान गर्नुपर्छ ।

उपर्युक्त व्यवस्थाहरूसहित नेपाललाई बहुमूल्य धातु, रत्न र आभूषणको वैश्विक केन्द्रका रूपमा विकास गर्ने संकल्प गर्ने हो भने नेपाल चाँडै नै विश्वकै केन्द्रका रूपमा उदाउने निश्चित छ । उत्तर र दक्षिणमा फैलिँदो सम्पन्नता, राजनीतिक स्थिरता, नीतिगत निरन्तरता र उच्च स्तरको सुरक्षा, बलियो सैनिक क्षमता, ठूलो जनसंख्या र नेपालप्रति सरकार र जनस्तरमा रहेको सद्भावका माझ नेपालले उच्च नैतिकता, सुरक्षा र व्यावसायिक तथा पेशागत धर्मको पालनासहित नीतिगत स्थिरताको वातावरण सृजना गर्ने हो भने केही दशकभित्रै नेपाल बहुमूल्य धातु, रत्न र आभूषणको विश्वको व्यावसायिक केन्द्रको रूपमा विकास हुने देखिन्छ ।

*लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका वरिष्ठ अधिकृत हुन् ।*

पाठक पत्र

# दूरसञ्चार विकास कोषमा अर्बौं रूपैयाँ किन ?

दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषमा सेवाप्रदायकबाट अर्बौं रुपैयाँ उठाएको छ । तर, त्यसको मारमा सेवाप्रदायक त परेका छन् नै, हामी उपभोक्ताले पनि त्यही कारण महँगो शुल्क तिर्नुपरेको छ । उसले त्यो पैसा पनि उद्देश्यअनुसार खर्च गरेको छैन । बैंकमा राखेर ब्याज उठाइरहेको छ । त्यसैलाई फाइदा देखाएर कर्मचारीले अतिरिक्त सुविधा लिएका छन् भनिन्छ ।

प्राधिकरणले दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूसँग कुल आम्दानीको २ प्रतिशत ग्रामीण दूरसञ्चार विकास कोष शुल्क भनेर लिने गरेको छ । ४ प्रतिशत रोयल्टी जोडेर वार्षिक ६ प्रतिशत शुल्क उठाउँदै आएको छ भनिन्छ । दूरसञ्चार पूर्वाधारमा खर्च गर्ने भनेर यो रकम उठाए पनि त्यसका लागि थोरै मात्र खर्च भएको छ र अर्बौं रुपैयाँ उसले बैंकमा राखेर ब्याज कमाइरहेको छ ।

दूरसञ्चार विकासका लागि प्रत्येक स्थानीय तहसम्म इन्टरनेटको पूर्वाधार बनाएर गाउँहरूमा निःशुल्क इन्टरनेट उपलब्ध गराउनुपर्ने हो । केही गाउँमा उसले यस्तो सुविधा पुऱ्याएको त छ तर त्यो ज्यादै सानो आकारको छ ।

प्राधिकरणविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) खरीदमा अनियमितता गरेको आरोप प्राधिकरणका उच्च अधिकारीहरूमाथि लगाएको छ । यसले प्राधिकरणमा हुने भ्रष्टाचारको एउटा पाटोलाई देखाउँछ ।

सरकारले यस्ता विभिन्न कोषमा पैसा जम्मा गरेको छ । तर, त्यो पैसा उद्देश्यअनुसार खर्च भएको छैन । नेपाल टेलिकम र एनसेल दुवै मोबाइल प्रदायकको आम्दानी घटेको छ । नेपाल टेलिकमले इतिहासमै सबैभन्दा कम लाभांश दिएको छ । यसले उसको आम्दानी घटेको देखिन्छ । तर, उसले नवीकरण गर्दा ठूलो रकम बुझाउनुपरेको थियो । एकातिर उठाएको पैसा सही ठाउँमा खर्च गर्न नसक्ने अनि अर्कोतिर पैसाचाहिँ उठाइरहने भन्ने हुँदैन । त्यसैले प्राधिकरणले यस्तो शुल्क घटाउनुपर्छ । अर्को नेपालमा मोबाइल डेटा महँगो छ । त्यसमा पनि अहिले लामो अवधिको मात्रै डेटा लिन पाउने भन्ने निर्णय एनसेलले गरेको रहेछ । छोटो अवधिका लागि डेटा लिन नदिनु भनेको उपभोक्तामाथि अन्याय हो । सबैले लामो अवधिका लागि मोबाइल डेटा चलाउन पनि सक्दैनन् आवश्यक पनि पर्दैन । त्यसैले यस्तो निर्णय लिनुअघि प्राधिकरणले उपभोक्ताको हितमा निर्णय लिनु आवश्यक छ ।

*ध्रुव कार्की*
*मण्डिखाटार, काठमाडौं ।*

# सरकारी निकायले किन्नैपर्ने स्वदेशी वस्तुको सूची

**स्टेशनरी, कार्यालय सामान, छपाइसम्बन्धी वस्तु वा सामग्री**

१. नेपाली हाते कागज तथा कागजबाट निर्मित वस्तु वा सामग्री ।
२. ब्राउन पेपर, पेन्सिल, डटपेन, नेपाली खाम, नोटबुक, रजिस्टर, टिस्यु पेपर, डायरी, कापी, चक, बोर्ड मार्कर, फाइल, फाइल बाँध्ने कपडा, तुनालगायतका वस्तु वा सामग्री ।
३. विभिन्न गोष्ठी, सेमिनार, कार्यक्रममा आवश्यक पर्ने वस्तु (ब्याग, दोसल्ला, सल, जस्ता सामग्री ।
४. रेनकोट ।

**तयारी पोशाकसँग सम्बद्ध वस्तु र कोसेली तथा उपहार सामग्री**

(१) अल्लो, केतकी, बाँस, केराको रेसालगायत अन्य प्राकृतिक रेसा जस्ता स्थानीय कच्चा पदार्थबाट निर्मित कपडा ।
(२) ऊनबाट निर्मित विभिन्न प्रकारका वस्तु वा सामग्री ।
(३) ढाका तथा ढाकाजन्य सामान ।
(४) पस्मिनाका उत्पादन ।
(५) जुटबाट निर्मित सामान
(६) सार्वजनिक निकायका कर्मचारी तथा पदाधिकारीलाई तोकिएको पोशाक तथा टोपी, जुत्ता, पेटीलगायत सामान ।
(७) सभा वा सम्मेलनमा प्रयोग हुने झोला, ब्याग, ब्याच तथा अन्य सामान ।
(८) परम्परागत हस्तकला, काष्ठकला, मूर्तिकला, चित्रकला तथा प्रस्तरका वस्तु वा सामग्री ।
(९) गुडिया, खेलौना, पुतलीजस्ता सामान ।
(१०) छालाबाट तयार गरिएका सामान ।

**फर्निचर, फर्निसिङ, सरसफाइ, फ्लोरिकल्चर तथा साजसज्जाका वस्तु वा सामग्री**

(१) काठबाट निर्मित फर्निचर, प्लाइउड, बेत तथा बाँसबाट निर्मित सामान, अम्रिसो तथा निगालोबाट तयार भएका सामान ।
(२) गलैंचा, कार्पेट (बुनेको वा नबुनेको), तौलिया, तन्ना, पर्दा, मेट्रेस, इपिइ रोल, पटेर, फोम, सिरानीलगायत अन्य फर्निसिङका सामान ।
(३) टेबुलपोस वा म्याट, गमला, टी-म्याट, मैनबत्ती, अगरबत्ती, दुनाटपरी लगायत अन्य साजसज्जा तथा प्रयोगका सामान ।
(४) सरसफाइमा प्रयोग हुने झोल तथा केमिकल (ट्वाइलेट, बाथरुम तथा झ्याल, ढोका क्लिनर), फिनेल, साबुन (झोलसहित), सर्फ, स्याम्पु, रुमस्प्रे, झाडु, कुचोलगायत सरसफाइमा प्रयोग हुने सामान ।
(५) डस्टबिन, बाटा, बाल्टी, मग ।
(६) ट्वाइलेट पेपर ।
(७) पुष्पमाला, फूलका बोटविरुवा तथा अन्य बोटबिरुवा ।

**मेशिनरी, औजार तथा उपकरण**

(१) ट्रान्सफर्मर (६३ एमभीएसम्म)
(२) लघु तथा साना जलविद्युत् आयोजना (२ मेगावाटसम्म) को लागि आवश्यक पर्ने वस्तु वा सामग्री ।
(३) कपर वा आल्मुनियम बाइन्डिङ वायर ।
(४) कम्प्युटर सफ्टवेयर ।
(५) सुक्खा ब्याट्री ।
(६) कृषि कार्यमा प्रयोग हुने मेशिन तथा उपकरण ।
(७) एसीएसआर, एएसी आल्मुनियम कन्डक्टर र १.१ केभीसम्मको केबल ।
(८) पिएससी र एसटिपी पोल ।
(९) हेलमेट ।

**निर्माण सामग्री**

(१) सिमेन्ट, छड, इँटा ।
(२) रङरोगनका वस्तु वा सामग्री ।
(३) एएसी ब्लक (हलुका आधुनिक इँटा) ।
(४) झ्याल ढोकामा प्रयोग हुने आल्मुनियम प्रोफाइल, आल्मुनियमका झ्याल तथा ढोका ।
(५) प्रिफ्याब वाल प्यानल ।
(६) रोजिन तथा तारपिन तेल ।
(७) काठबाट तयार भएका वस्तु वा सामग्री ।

**कृषि तथा पशुजन्य उत्पादन र खाद्य तथा पेय पदार्थ**

(१) दूध वा दूधजन्य विभिन्न पदार्थ ।
(२) अण्डा, माछामासु र मासुजन्य पदार्थ ।
(३) प्रशोधित तेल, वनस्पति, घिउलगायतका पदार्थ ।
(४) चिया, कफी, अलैंची, अदुवा, मसलाजन्य वस्तु ।
(५) सबै प्रकारका फलफूल र फलफूलबाट तयार भएका खाद्य तथा जुसलगायत पेय पदार्थ ।
(६) मिनरल वाटर, प्रशोधित पिउने पानी (बोतल वा जार) लगायत हल्का पेय पदार्थ ।
(७) सार्वजनिक निकाय, सार्वजनिक विद्यालय, सार्वजनिक सामुदायिक अस्पताल, वृद्धाश्रम, बालगृह, सुधार गृह तथा कारागारमा प्रयोग हुने सातु, पिठो, लिटो, बिस्कुट, विशेष गुणयुक्त बिस्कुट, मह, जडीबुटीजन्य वस्तु, प्लास्टिकका प्याकेजिङ फिल्म तथा सिट (दूध, घ्यू, आदि प्याक गर्न प्रयोग हुने) ।

बाँकी पृष्ठ १ बाट ...

**अधिकांश वाणिज्य ..**

सिभिल बैंक २०७९ फागुन १२ गते हिमालयनमा गाभिएको थियो । 'त्यसबेला सिभिल बैंकको खराब कर्जा नै २७ प्रतिशत थियो । यसकारण ठूलो रकम प्रोभिजनिङमा राख्नुपर्‍यो, जसको असर नाफामा देखियो र लाभांश वितरण गर्न सकिएन,' राणाले भने ।

हाल सहकारी ठगीमा जेलमा रहेका इच्छाराज तामाङले सिभिल बैंकको प्रवर्द्धन गरेका थिए । लाभांश घोषणा गरेका बैंकमध्ये एभरेष्ट, नबिल, ग्लोबल आइएमई, लक्ष्मी सन्राइज, सानिमा, सिटिजन्स र सिद्धार्थ बैंकको लाभांशदर घटेको छ ।

स्टचाण्डर्ड चार्टड बैंकको भने लाभांशदर गतवर्षको तुलनामा यस वर्ष बढेको छ । यो बैंकले अघिल्लो आवको मुनाफाबाट गतवर्ष १९ प्रतिशत नगद लाभांश दिएकोमा गत आवको मुनाफाबाट यस वर्ष ६ दशमलव ५ प्रतिशत बोनस शेयर र १९ प्रतिशत नगद गरी कुल २५ दशमलव ५ प्रतिशत लाभांश दिएको हो ।

नेपाल एसबिआई बैंकले पनि गतवर्ष ३ दशमलव ७५ प्रतिशत बोनस शेयर र ६ दशमलव ८ प्रतिशत नगद गरी कुल १० दशमलव ५५ प्रतिशत लाभांश दिएकोमा यस वर्ष ३ दशमलव ८ प्रतिशत बोनस शेयर ६ दशमलव ८५ प्रतिशत नगद गरी कुल १० दशमलव ६५ प्रतिशत लाभांश दिएको छ ।

गतवर्ष लाभांश नदिएको प्राइम कमर्सियल बैंकले यस वर्ष ५ प्रतिशत नगद लाभांश दिएको छ ।

कृषि विकास बैंकले पनि गतवर्ष लाभांश नदिएकोमा यस वर्ष ३ प्रतिशत बोनस शेयर र ७ दशलमव ५३ प्रतिशत नगद गरी कुल १० दशमलव ५३ प्रतिशत लाभांश वितरण गर्ने भएको छ ।

हालसम्ममा ४ ओटा बैंक– नेपाल इन्भेष्टमेण्ट मेगा, कुमारी, नेपाल र एन.आई.सी. एशिया बैंकले लाभांश घोषणा गरेका छैनन् ।

पूर्वबैंकर अनलराज भट्टराईका अनुसार बैंकहरूले ऋणको ब्याज उठाउन नसक्दा आम्दानीमा असर गरेकाले लाभांश क्षमतामा ह्रास आएको हो । 'अर्कोतिर खराब कर्जाको प्रोभिजनिङका कारण पनि नाफामा असर पर्‍यो,' उनले भने । वाणिज्य बैंकहरूको प्रोभिजनिङ गत आव २०८०/८१ मा २ खर्ब १ अर्ब रुपैयाँ पुगेको थियो । अघिल्लो आवको प्रोभिजनिङ १ खर्ब ४७ अर्ब रुपैयाँ थियो । 'कतिपय बैंकले नाफा रिजर्भमा राख्दा पनि लाभांश नदिएका हुन सक्छन्,' भट्टराईले भने ।

**नयाँ प्लान्ट ...**

उद्योगको वार्षिक उत्पादन क्षमता ११ हजार किलोमीटर एबीसी केबल, ६७ हजार ७५० किलोमीटर एसीएसआर कन्डक्टर, २ हजार किलोमीटर कनसेन्ट्रिक केबल, २५ लाख ३९ हजार ५७० क्वाइल हाउस वायरिङलगायत विभिन्न प्रकारका विद्युतीय तार, कन्डक्टर रहेको उल्लेख छ ।

उद्योगले यी उत्पादन 'लिटमस केबल्स' र 'लोटस वायर' ब्रान्डबाट आन्तरिक बजारमा विक्री गर्दै आएको छ ।

विद्युतीय वायर तथा केबल उत्पादनमा उद्योगको लामो अनुभव रहेको उक्त उद्योगले सन् १९९४ मा इनामेल बाइन्डिङ वायर उत्पादन गरेको थियो । त्यसको केही वर्षपछि सन् २००३ मा आईएसओ सर्टिफिकेटसमेत पाइसकेको उक्त उद्योगले भारतीय गुणस्तर चिह्न पाइसकेको छ । लिटमसले सन् २०२० देखि उद्योगको स्तरोन्नति गर्दै उत्पादन क्षमतासमेत बढाएको छ ।

## ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि.

थहिटी वडा नं. - १७ काठमाण्डौं फोन : ०१-५३४४७७१, ५३४४७७२

### ऋणीहरुलाई ऋण तिर्न आउने बारे पुन ७ दिने सूचना र ८ औ दिन लिलामको सूचना

प्रकाशित मिति : २०८१/०९/०९ गते

यस ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. थहिटी काठमाडौं बाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो व्यापार व्यवसाय संचालन गर्न लिनु भएको ऋण कर्जाको यस संस्था सँग सम्झौता बमोजिम सो ऋण कर्जाको भाखा नाघेकोहरु र समय समयमा बुझाउनु पर्ने किस्ताहरु साथै हाल सम्म पनि सांवा व्याज हर्जाना व्याज दै दस्तुर तिर्न बुझाउन पटक पटक लिखित तथा मौखिक र टेलिफोन बार्ता गरी तर्ताकेता गर्दा तथा ऋण चुक्ता भुक्तान गर्न समय दिईएकोमा सो समय भित्र संस्थामा संम्पर्क गरी ऋण चुक्ता गर्न ऋणीहरुलाई अनुरोध गरीएकोमा हाल सम्म पनि संस्थाबाट दिएको समय भित्र कुनै पनि सांवा व्याज बुझाउन आउनु नभएको हुनाले यो ७ दिने सूचना र ८ औ दिन लिलामको सुचना प्रकाशित गरिएको छ । ८ औ दिन ऋणीले आफ्नो सुरक्षण बापत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित घरजग्गाहरु संस्था कार्यालय थहिटीबाट, सहकारी ऐन २०७४ र नियमाबली २०७५ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानून् बमोजिम सहकारी संस्थाले लिलाम बिक्री गरीने भएको हुदाँ संम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ । धीतोमा रहेको चल अचल सम्पत्तिहरू सकार गरी लिन ईच्छुक महानभावहरूले रू. ५०० दस्तुर तिरी (फिर्तानहुने) बोलपत्र फारम संस्थाबाट खरिद गर्न सक्ने छ । फोटोकपी गरिएको बोलपत्र फारम मान्य हुनेछैन । सबै भन्दा बढी अंक बोली टेण्डर सकार गर्नेले सकार गरेको मूल्यको १०% (दश प्रतिशतले) हुन आउने रकम जसमा व्याज प्राप्त नहुने गरी सोही दिन धरौटी बापत्को रकम जम्मा गर्नुपर्नेछ । कबुल रकममा संस्थाले उल्लेखित धितोमा रहेको सुरक्षण घरजग्गा लिलाम बिक्री गर्ने निर्णय गरेमा त्यसको सूचना पाएको मितिले ७ दिन भित्र बाँकी कबुल रकम संस्थामा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी रकम जफत हुनेछ । कबुल मूल्यमा लिलाम बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षीत राखिएको छ । लिलाम बिक्रीका दिन सार्वजनिक वा संस्था बिदा परेमा उक्त दिनको भोली पल्ट अर्थात् संस्था खुलेको दिन लिलाम बिक्री हुनेछ । लिलाम बिक्री हुने सम्पति घरजग्गाहरु संम्बन्धित कुनै थप जानकारी चाहिएमा संस्था कार्यालय खुलेको दिन संस्थाबाट प्राप्त गर्न सकिनेछ । साथै दाखिला खारेज गर्दा मालपोत कार्यालयमा लाग्ने सबै दै दस्तुर तथा सम्बन्धित बडा कार्यालयबाट घर-बाटो सिफारीस पत्र लिने दायित्व लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

**तपसिल**

**ऋणिहरुको नाम र तीन पुस्ते:**

१) **नाम: प्रेम कुमारी बि.क,** ठेगाना: जि. तनँहु बडा ७ दुलेगौंडा हाल का.जी.महाराजगंज वडा ३, ससुरा: कालु सुनुवार पति : हेम लाल विश्वकमा, ना.प्र.नं. २५७६ तनहुँ
२) **नाम: यम लाल विश्वकर्मा,** ठेगाना: जि. तनँहु वडा ७ दुलेगौंडा हाल का.जी.महाराजगंज वडा ३, बाबु : हेम लाल विश्वकर्मा बाजे: कालु सुनुवार ना.प्र.न.३१८७४,
३) **नाम: नमह लाल विश्वकर्मा,** ठेगाना: जि. तनँहु वडा ७ दुलेगौंडा हाल का.जी.महाराजगंज वडा ३ बाबु : हेम लाल विश्वकर्मा बाजे: कालु सुनुवार ना.प्र.न.१३८४६,
४) **नाम: दिप्शा राजबंशी,** ठेगाना: जि. तनँहु बडा ७ दुलेगौंडा हाल का.जी.महाराजगंज बडा ३ ससुरा: : हेम लाल विश्वकर्मा पति: नमह लाल विश्वकर्मा ना.प्र.न.१३८५०
५) **नाम: आस्मा बि.क,** ठेगाना: जि. तनँहु बडा ७ दुलेगौंडा हाल का.जी.महाराजगंज वडा ३ ससुरा: : हेम लाल विश्वकर्मा पति: यम लाल विश्वकर्मा ना.प्र.न.२७१०६०/८५२२५

**सुरक्षण लेखिदिएको घर/जग्गा:**

ऋणी प्रेम कुमारी बि.क, यम लाल विश्वकर्मा र नमह लाल विश्वकर्माको नाममा का.जि. मा.पो.का. डिल्लीबजारमा दर्ता रहेको का.जि. डिल्लीबजार बडा ३ कि.न. १९२ क्षे.फ. २४० व.मि.को घर जग्गा र सो घर जग्गाले चर्चेको लिगलगापात समेत ।

**जमानी कर्ताको नाम र तीन पुस्ते:**

१) **नाम: प्रेम कुमारी बि.क,** ठेगाना: जि. तनँहु बडा ७ दुलेगौंडा हाल का.जी.महाराजगंज बडा ३ पति : हेम लाल बिश्वकर्मा ससुरा: कालु सुनुवार ना.प्र.न.२५७६ तनहुँ २) **नाम: यम लाल विश्वकर्मा,** ठेगाना: का.जी.महाराजगंज वडा ३ बाबु : हेम लाल बिश्वकर्मा बाजे: कालु सुनुवार ना.प्र.न.३१८७४ ३) **नाम: नमह लाल विश्वकर्मा,** ठेगाना: जि. तनँहु बडा ७ दुलेगौंडा हाल का.जी.महाराजगंज बडा ३ बाबु : हेम लाल विश्वकर्मा बाजे: कालु सुनुवार ना.प्र.न.१३८४६ ।

**पुनस्च: धितो लेखीदिने वा व्यक्तिगत धन जमानी गरीदिनेहरुलाई सूचना** उपरोक्त व्यहोरा अबगतार्थ अनुरोध गदै सूचना म्याद भित्र ऋण कर्जा भुक्तानी गरीगराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न हुन पुन: अनुरोध गरीएको छ । अन्यथा तोकिएको दिन लिलाम बिक्री कार्य हुने भएकोले उक्त दिन देखि घरजग्गाहरु खाली गरी दिनुहुन तथा लिलामका दिन ऋणी र धनजमानी कर्ताहरु सबै स्वयं उपस्थीत भई लिलामबाट कायम हुने सम्पत्तिको मूल्य घट्टी वा बढी हुने प्रक्रियामा समेत प्रत्यक्ष अबलोकन निरीक्षणका लागी सूचीत गरीन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साबिकमा संस्थाबाट मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणी लगायत व्यत्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचना मार्फत थप जानकारी गराइएको छ ।

## बेलका नगरपालिका
### नगर कार्यापालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१/०९/०९ गते

प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि अनलाइन मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशील बमोजिमका सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कीत बोलपत्रहरु स्वीकृतका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (३) र सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम रु. (Without VAT & PS) |
|---|---|---|---|---|
| 1. | 04/BELAKA/NCB/W/2081-082 | Construction and Upgrading of Sombare-Mayungtar Road (Boptang Section) | Raut/Ayush/Ambika J.V., Triyuga, Udayapur | 1,99,38,380.00 |
| 2. | 03/BELAKA/NCB/W/2081-082 | Construction and Upgrading of Rampur-SatpatreBhagalpur-Aambasi Road (Purandaha Section) | Chakra/Ilam Gajurmukhi J.V., Sunsari | 1,72,77,600.00 |

प्रमुख प्रशासकीय अधिकृत

PRIME BANK LTD. COMMERCIAL
प्राइम कमर्सियल बैंक लिमिटेड

# INVITATION FOR BID

## Proposal for Cisco Catalyst 9500 Series

**(First date of publication: 22/12/2024)**

The Prime Commercial Bank Ltd. (hereinafter referred to as "The Bank") invites sealed tender for Proposal for Cisco Catalyst 9500 Series

The Interested Vendors (hereinafter referred as "The Bidder" can participate in the tendering process under competitive bidding procedures as per specification provided in the biding document.

A complete set of bid document may be purchased by the Bidder on the submission of a written application to the above and upon deposit of a non-refundable fee of NPR. 5,000 (NPR: Five Thousand only) in Account maintained at Prime Commercial Bank Ltd.

**Account Name : Bid Document Fee**
**Account No. : 9958370000**

Tender document must be accompanied by a Bid Bond Security of at least 2.5% of the bid price or Cash Margin in Account maintained at Prime Commercial Bank Ltd.

**Account Name : Security Deposit**
**Account No. : 9916102000**

The Bid bond security must be furnished or counter guaranteed by any of the "A" class banks in Nepal without which bid shall be rejected.

The last date of bid submission is on or before December 31st, 2024, 4.00 PM

The Bid shall be opened on: **12:00 PM, January 01st, 2025,** 5th Floor Central Office, Kamalpokhari.

For details, please contact:
**General Administration Department.**
**Prime Commercial Bank Ltd., Central Office**
**Kamalpokhari, Kathmandu, Nepal**
Telephone: 977-1-4523432, Ext- 2533, 2534
Fax no: 977-1-4525955, Email: info@pcbl.com.np

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कलैया, बाराको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०९/०९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०३/३१ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

बारा जिल्ला, साविक दोहरी गा.वि.स. वडा नं. ४ हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १५ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७१/०७/२७ मा प्रा.फ.र.नं. ३३६४/०७१/७२, स्थानिय व्यापार तथा मिति २०७१/०८/०१ आन्तरिक राजश्व कार्यालय, करदाता सेवा कार्यालय सिमरा, बारामा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६०२७२५८८४ मा दर्ता कायम भएको **युवराज किराना पसल** ।

**प्रोप्राईटर : ईन्द्राशन राउत अहिर**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. हरि राउतको नाति, लछु राउतको छोरा, बारा जिल्ला, साविक दोहरी गा.वि.स. वडा नं. ४ हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं.१५ बस्ने **ईन्द्राशन राउत अहिर** (ना.प्र.नं. ९/१२२५, जारि मिति २०५१/०६/२८, जि.प्र.का. बारा) । | २. लछु राउतको बुहारी, ईन्द्राशन राउत अहिरको पत्नि, बारा जिल्ला, साविक दोहरी गा.वि.स. वडा नं. ४ हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **कृष्ण देबी यादव** (ना.प्र.नं. ३३३०५७/३७२, जारि मिति २०६३/१०/१३, जि.प्र.का. बारा) |
| ३. रमयाद राउतको नाति, हरि राउतको छोरा, बारा जिल्ला, साविक दोहरी गा.वि.स. वडा नं. ९ हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **लछु राउत** (ना.प्र.नं. १९७/०३२३, जारि मिति २०३३/०९/२१, जि.प्र.का. बारा) । | ४. हरि राउतको नाति, लछु राउतको छोरा, बारा जिल्ला, साविक दोहरी गा.वि.स. वडा नं. ४ हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १५ बस्ने **रामसाहाय प्रसाद यादव** (ना.प्र.नं. २०३६/१९५५, जारि मिति २०६०/१०/२५, जि.प्र.का. बारा) । |

**धितोको विवरण**

१. लछु राउत (ना.प्र.नं. १९७/०३२३, जारि मिति २०३३/०९/२१, जि.प्र.का. बारा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहको बारा जिल्ला, साविक कलैया न.पा. वडा नं. ४ हाल बारा जिल्ला, कलैया उप-महानगरपालिका वडा नं. ४ स्थित कि.नं. ७३१ को क्षेत्रफल ०-०-१०-० (वि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. ईन्द्राशन राउत अहिर (ना.प्र.नं. ९/१२२५, जारि मिति २०५१/०६/२८, जि.प्र.का. बारा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहको बारा जिल्ला, साविक दोहरी गा.वि.स. वडा नं. ८ हाल बारा जिल्ला, कलैया उप-महानगरपालिका वडा नं. १५ स्थित कि.नं. ३०८ को क्षेत्रफल ०-१३-१९-० (वि.क.धु.क) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. युवराज किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय कलैया, बाराबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०९/२३ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय कलैया, बारामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०९/२४ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कलैया, बारामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय कलैया, बारामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : कलैया, बारा
फोन नं. ०५३-५५१९२०
**Website** : www.siddharthabank.com

## माछापुच्छ्रे सेक्युरिटिज लिमिटेडको दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित २०८१/०८/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस माछापुच्छ्रे सेक्युरिटिज लिमिटेडको मिति २०८१/०८/२१ मा बसेको संचालक समितिको ४५औं बैठकको निर्णयानुसार यस कम्पनीको दोश्रो वार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ साल पौष १९ गते (तदनुसार जनवरी ३, २०२५), शुक्रबार ।
समय : बिहान १०:०० बजे ।
स्थान : कम्पनीको कार्यालय, नेपाल च्याम्बर अफ कमर्सको भवन, जमल, काठमाडौं ।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८०/०८१ को संचालक समितिको दोश्रो वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित यस कम्पनीको २०८१ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय व्यय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।
३. यस कम्पनीमा कायम रहेको संचालक समितिले गरेको हाल सम्मको काम कारवाहीहरु अनुमोदन गर्ने ।
४. आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने ।
५. स्वतन्त्र संचालकको नियुक्ती अनुमोदन सम्बन्धमा ।

**ख. विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**अन्य जानकारीको लागि काठमाडौं जिल्ला, जमल स्थित नेपाल च्याम्बर अफ कमर्सको भवनमा रहेको माछापुच्छ्रे सेक्युरिटिज लिमिटेडको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

Machhapuchchhre Securities Limited
माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड

## लाभांश प्रस्ताव सहित कृषि विकास बैंकले बोलायो साधारणसभा

काठमाडौं (अस)। कृषि विकास बैंक लिमिटेडले यही पुस २९ गते १८औं वार्षिक साधारणसभा बोलाएको छ। पुस ७ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्षको प्रस्तावित लाभांश सहित अन्य विविध प्रस्ताव पारितका लागि बैंकको भक्तपुर बोडेस्थित केन्द्रीय तालिम प्रतिष्ठानमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो ।

कम्पनीले गत आर्थिक वर्ष (आव) २०८०/८१ को मुनाफाबाट कुल १० दशमलव ५३ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको छ । कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा ३ प्रतिशत बोनस शेयर र ७ दशमलव ५३ प्रतिशत नगद लाभांश (कर समेत) गरी कुल १० दशमलव ५३ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको हो । योसँगै अविमोच्य असंचिति अग्राधिकार शेयरधनीलाई ६ प्रतिशत नगद लाभांश वितरणको प्रस्ताव पनि कम्पनीले सभामार्फत पारित गर्नेछ । गत वर्ष लगानीकर्ताको हात खाली बनाएको कम्पनीले यस वर्ष लाभांश वितरण गर्न लागेको हो ।

लाभांश प्रस्तावलाई अन्तिम स्वीकृति दिने, गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्ने र चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव सभाले पारित गर्नेछ ।

साथै, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन पनि सभाले गर्नेछ । सभा प्रयोजनका लागि कम्पनीले पुस १६ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको अघिल्लो कारोबार दिन पुस १५ गते सार्वजनिक बिदा परेकाले पुस १४ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन् ।

## गार्डियन माइक्रो लाइफको आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीमा बाँडफाँट



काठमाडौं (अस) । गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडले वैदेशिक रोजगारीमा रहेका नेपालीमा निष्कासन गरेको आईपीओ बाँडफाँट गरेको छ । कम्पनीले सर्वसाधारणमा जारी हुने कुल कित्ता आईपीओमध्ये १० प्रतिशत आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि मङ्सिर १९ गतेदेखि पुस ३ गतेसम्म निष्कासन गरेको थियो। तोकिएको अवधिभित्र आवेदन दिएका आवेदकहरूमध्ये २२ हजार ५०० जना आवेदकहरूमा १० कित्ताका दरले आईपीओ पुस ८ गते बाँडफाँट गरिएको हो । विक्री प्रबन्धक कुमारी क्यापिटल लिमिटेडको नागपोखरी, काठमाडौंमा आईपीओ बाँडफाँट कार्यक्रमको आयोजना गरिएको थियो ।

कम्पनीले आफ्नो जारी पूँजी ७५ करोड रुपैयाँको ३० प्रतिशत दरले हुन आउने २२ करोड ५० लाख रुपैयाँ बराबरको २२ लाख ५० हजार कित्ता आईपीओ सर्वसाधारणमा विक्री गर्न अनुमति पाएको हो । सोमध्ये १० प्रतिशतले हुन आउने २ करोड २५ लाख रुपैयाँ बराबरको २ लाख २५ हजार कित्ता आईपीओ भने वैदेशिक रोजगारीमा रहेका नेपालीमा जारी गरिएको हो । विक्री प्रबन्धकका अनुसार कम्पनीको आईपीओमा ४७ हजार ६६३ जना वैदेशिक रोजगारीमा रहेका नेपालीहरूबाट आवेदन परेको थियो ।

पहिलो चरणको आईपीओ बाँडफाँटपछि कम्पनीले दोस्रो चरणमा सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्नेछ ।

## इन्फिनिटी लघुवित्तले पुस २९ गते साधारणसभा गर्ने

काठमाडौं (अस)। इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले यही पुस २९ गते आठौं वार्षिक साधारणसभा गर्ने भएको छ ।

सभा नवलपरासीको गैडाकोटस्थित सहमति संस्थामा हुने कम्पनीले जनाएको छ। सभा बिहान ९ बजे शुरू हुनेछ ।

सभाले गत आर्थिक वर्ष (आव)को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्नुका साथै चालू आवको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्नेछ ।

त्यस्तै, यस कम्पनीले एक वा एकभन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थालाई मर्जर र प्राप्ति गर्न उपयुक्त देखिएमा वित्तीय संस्थाहरूको पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पनि साधारणसभाले पारित गर्नेछ । कम्पनीले साधारणसभा प्रयोजनको लागि पुस १९ गते बुक क्लोज गर्ने भएको छ । यस बुक क्लोजको आधारमा पुस १८ गतेसम्म कायम शेयरधनी साधारणसभामा भाग लिन सक्नेछन् ।

## सानिमा माई हाइड्रोपावरको शेयर मूल्य समायोजन

काठमाडौं (अस) । सोमवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सानिमा माई हाइड्रोपावरको शेयर मूल्य समायोजन भएको छ ।

नेप्सेले कम्पनीको १० प्रतिशत बोनस शेयर समायोजन गरेको हो । समायोजनपश्चात् कम्पनीको शेयर मूल्य रू. ४८८ दशमलव १८ कायम भएको छ । नेप्सेले सोमवार कारोबार दिनको अन्तिम मूल्यका आधारमा कम्पनीको शेयर मूल्य समायोजन गरेको हो । सोमवार दोस्रो बजारमा कम्पनीको शेयर मूल्य रू. ५३७ मा अन्तिम कारोबार भएको थियो । यही समायोजित मूल्यलाई आधार मानेर कम्पनीको शेयर मंगलवार (आज)देखि दोस्रो बजारमा कारोबारमा आउनेछ ।

**एफपीओ अपडेट**

| कम्पनी | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड |
|---|---|
| दिन | २०८१ पुस ८ गते |
| एफपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | ४ लाख ७५ हजार ४४९ |
| आवेदक संख्या | १३ लाख ८६ हजार २०३ |
| आवेदन परेको कित्ता | १ करोड ९६ लाख ६० हजार ५३० |
| आवेदन परेको रकम | १ अर्ब ९६ करोड ६० लाख ५३ हजार |
| निष्कासनको तुलनामा माग | ४१.३५ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ पुस ९ गते |
| विक्री प्रबन्धक | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२४ डिसेम्बर २३)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७८,५४०.१७ | ०.६४% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,७५३.४५ | ०.७०% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३९,१६१.३४ | १.१९% |
| हङकङ स्टक एक्सचेन्ज | हैंग सेंग | १९,८८३.१३ | ०.८२% |
| संघाई स्टक एक्सचेन्ज | संघाई एसई कम्पोजिट इन्डेक्स | ३,३५१.२६ | -०.५०% |

## काठ जिल्ला बाहिर बिक्री सूचना

**दोश्रो पटक प्रकाशित**

श्री कुन्तीमाई सा.व.उ.स. चौदण्डीगढी न.पा.-१०, उदयपुरबाट आ.ब. २०८०/०८१ उत्पादित रहेको लटको दाउरा १.२५ काठ जिल्ला बाहिर बिक्री गर्नु पर्ने भएकोले १५ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि समुहमा सर्म्पक राख्नु होला ।

**श्री कुन्तीमाई सा.व.उ.स.**
**चौदण्डीगढी न.पा.-१०,उदयपुर**

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४५२३४३२/३४/३६
शाखा कार्यालय : पुष्पलालचोक, मोरङ, फोन नं.: ०२१-४६५५६०/६१
शाखा कार्यालय : ताप्लेजुङ्ग, फोन नं.: ०२४-४६०७०२
शाखा कार्यालय : न्यूरोड पोखरा, कास्की, फोन नं.: ०२४-४६०७०१/०२

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०९/०९ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : पुष्पलालचोक, मोरङ**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०९/१७ मा दर्ता नं. २५१८१९/०७७/०७८ कायम भई दर्ता भएको सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा. वडा नं. २, भोक्राहा स्थित **कोलबोटे कृषि फर्म प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. हर्क बहादुर श्रेष्ठको नाति, विष्णु प्रसाद श्रेष्ठको छोरा, संखुवासभा जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा. वडा नं. २ बस्ने **सुरेन्द्र श्रेष्ठ (ना.प्र.प.नं. १६३५४, ताप्लेजुङ्ग)**
२. बल बहादुर गुरुङ्गको बुहारी, लालवीर गुरुङ्गको पत्नी, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **उमा गुरुङ्ग (ना.प्र.प.नं. ५४१६३/७२६६, ताप्लेजुङ्ग)**

**धितोमा रहेको सम्पतिको विवरण**

**उमा गुरुङको** नाममा मालपोत कार्यालय ताप्लेजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेका ताप्लेजुङ, जिल्ला, फुङलिङ गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. १७४४ को क्षेत्रफल ९-१३-०-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : न्यूरोड पोखरा, कास्की**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग कास्कीमा साझेदारी ऐन कानुन अनुसार मिति : २०७०/०७/१४ मा दर्ता नं. ९४०७/०७०/०७१ कायम भई दर्ता भएको कास्की जिल्ला, हेम्जा गा.वि.स/न.पा. वडा नं. ९, स्थित **जे. के क्रसर उद्योग**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मधुसुधन शर्माको नाति, झलक शर्माको छोरा, पर्वत जिल्ला देउपुरकोट गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **राम प्रसाद शर्मा (ना.प्र.प.नं. २४९१, पर्वत)**
२. नन्दलाल सुवेदीको नाति, बाल मुकुन्द सुवेदीको छोरा, कास्की जिल्ला, लेखनाथ गा.वि.स/न.पा. वडा नं. १२, स्थित स्थायी ठेगाना भएको **रामप्रसाद सुवेदी (ना.प्र.प.नं. १८८९६, कास्की)**
३. पदमलाल पौडेलको नाति, ठुलो देवीलाल पौडेलको छोरा, कास्की जिल्ला, हेम्जा गा.वि.स/न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **तिलक प्रसाद पौडेल (ना.प्र.प.नं. २२७६९, कास्की)**
४. झलक शर्माको बुहारी, राम प्रसाद शर्माको पत्नी, कास्की जिल्ला, पोखरा गा.वि.स/उ.म.न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **सीता सुवेदी शर्मा (ना.प्र.प.नं. १६२५९०, कास्की)**

**धितोमा रहेको सम्पतिको विवरण**

**सिता सुबेदी शर्माको** नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. ५ स्थित कित्ता नं. ४८ को क्षेत्रफल ३९३.४० (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०९/०९ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु पुष्पलालचोक, मोरङ, ताप्लेजुङ्ग र न्यूरोड पोखरा, कास्कीबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
